Jana Aakash
National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ३२ २०८१ साल चैत्र १९ गते मंगलबार (APR 1, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## कुलमानको रिट प्रधानन्यायाधीश राउतसहितको इजलासमा पेसी



**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक नियुक्तिसम्बन्धी विवादमा दायर रिट सर्वोच्च अदालतको प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीश सारङ्गा सुवेदीको इजलासमा पेशी तोकिएको छ ।

उक्त रिटको सुनुवाइ आज सर्वोच्च अदालतको आठौं नम्बर इजलासमा हुनेछ ।

यसअघि, गत शुक्रवार न्यायाधीश अब्दुल अजिज मुसलमानको इजलासले अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दै विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलगायतलाई लिखित जवाफ पेस गर्न आदेश दिएको थियो ।

प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतले सरकारका सम्बन्धित निकायलाई आवश्यक कागजातसहित स्पष्ट लिखित जवाफ पेस गर्न निर्देशन दिएको हो ।

नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङ र हितेन्द्रदेव शाक्यले सरकारको निर्णयविरुद्ध » बाकी ६ पृष्ठमा

# हात्ती ठूलो कि मानिस ठूलो ?

■ मोहन कार्की

काठमाडौं- नेपालमा जंगली हात्तिका कारण वषौ झण्डै दर्जको ज्यान जाने गरेको छ। यस्ता समस्याहरु नेपालका राष्ट्रिय निकुञ्ज छेउछाउ र नेपाल भारत सीमा क्षेत्रमा यस्ता घटनाहरु घटने गरेका छन् ।

यस वर्ष झापाको हल्दीबारी गाउँपालिका-४ का ७६ वर्षीय भीमप्रसाद भट्टराईको हात्तीको आक्रमणमा परी ज्यान गयो । भट्टराई आफ्नो घरदेखि चार किलोमिटर दक्षिणस्थित चौकी बिराम सामुदायिक वनमा मृत फेला परेका थिए। गत पुसमा कचनकवल-७ की कैलावती राजवंशीले हात्तीको आक्रमणमा परी ज्यान गुमाए । यस वर्ष मात्रै जिल्लामा हात्तीको आक्रमणमा परी चार जनाले ज्यान गुमाए ।

बितेको १४ वर्षमा हात्तीको आक्रमणमा परी झापा जिल्लामा मात्रै ६४ जनाले ज्यान गुमाएको डिभिजन वन कार्यालय झापाको रेकर्डमा देखिन्छ। सोही अवधीमा हात्तीको आक्रमणमा परी मृत्यु हुने विदेशी नागरिकको सङ्ख्या आठ रहेको छ। वि.स. २०६२ देखि हालसम्म झापामा २२ वटा जङ्गली हात्तीको मृत्यु भएको उल्लेख छ ।

नेपालमा यतिवेला हात्ति ठूलो कि मानिस ठूलो भन्ने बहस चुलिएको छ । कुनै पनि जंगली जनावरहरुलाई मार्नु घाईते बनाउनु नेपालको वन ऐनले अपराध मान्ने गरेको छ । कतिपय ठाउँमा बाघ जोगाउने नाममा बाघ बढेर बाघको आक्रमणवाट पनि मानिसहरुको मृत्यु हुने गरेको छ ।

यतिवेला भने हात्तिले नेपालको गर्मी हुने क्षेत्र झापा लगायतका तराईका जिल्लाका जंगलवाट मानिसहरु बस्ने वस्ती पसेर उपद्रो मच्चाउने गरेको छ। त्यसैले वन कार्यलयले वन मात्रै हुकाउने होकी जनताको जिउ धनको रक्षा पनि गर्ने हो यतापर्टी पनि सम्बन्धित निकायको ध्यान जाओस् ।



## पानस हर्वल उद्योगका प्रोडक्टहरु बजारमा लोकप्रिय




**काठमाडौं–** जडिबुटीजन्य प्रोडक्टहरु उत्पादन गर्दै आइरहेको पानस हर्वल उद्योगले पछिल्लो समय ब्लाक वयल, केश रानी र मसाज वयल जस्ता उपभोक्तामैत्री उत्पादनहरु बजारमा ल्याएको छ ।

अत्यन्त अर्ग्यानिक प्रोडक्टहरु ल्याइरहेको पानसका ती उत्पादनहरुले बजारमा राम्रो छाप छोड्न सफल भएको कम्पनीले जनाएको छ ।

पानसको पछिल्लो उत्पादन ब्लाक वयल कपाल झर्न रोक्न, कपालमा भएका चाँया हटाउन र कसै-कसैलाई कपाल समेत उम्रान सफल भएको कम्पनीले जनाएको छ ।

४५ वटा अर्ग्यानिक जडिबुटीबाट बनेको सो तेलको बजारमा माग बढीरहेको कम्पनीले बताएको छ । त्यसलाई विदेशबाट पनि अर्डर आइरहेको कम्पनीका प्रबन्ध निर्देशकले बताएका छन् ।

त्यसैगरी पानसको अर्को हर्वल उत्पादन ‘केश रानी’ खासगरी कपाल उम्रान मद्धत गर्ने प्रोडक्ट भएको कम्पनीले बताएको छ । सो प्रोडक्टले कपाल झर्न पनि रोक्ने र कपालको सुन्दरता बढाउने छ ।

सो प्रोडक्ट प्रयोग गर्ने धेरै मानिसहरु सन्तुष्ट रहेको कम्पनीले बताएको छ । » बाकी ६ पृष्ठमा


## पोखराबाट अपहरणमा परेकी अमेरिकी महिलाको मकवानपुरबाट उद्धार

**काठमाडौं–** पोखरामा एक अमेरिकी महिलाको अपहरण गरेको आरोपमा एक नेपाली महिला पक्राउ परेकी छिन् ।

पक्राउ पर्नेमा नुवाकोटको बेलकोटगढी नगरपालिका,४ घर भएकी ३७ वर्षीया सरिता लामा छिन् । उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो, जिल्ला प्रहरी कार्यालय मकवानपुर र कास्की प्रहरीको सहयोगमा पक्राउ गरिएको हो ।

७० वर्षीया एक अमेरिकी महिला नेपाल घुम्न आइ मुक्तिनाथ मन्दिर दर्शन गर्न भन्दै पोखरा पुगेकी थिइन् । पोखराको लेकसाइडस्थित एक होटलमा » बाकी ६ पृष्ठमा





जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३२, २०८१ साल चैत्र १९ गते मंगलबार (APR 1, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

# नेपाली जनतालाई मालिक बनाउ ।

नेपालमा राष्ट्रिय भूमि आयोगले यतिवेला चर्चा पाउन थालेको छ । प्रतिपक्षले आफ्नो धर्म पुरा गर्नकै लागि भनेपनि विरोध गरेको छ । यता सरकार पनि के कम जनतालाई मालिक किन बनाउने भन्ने सानो मानसिकता राखेर काम गरेको जस्तो देखाउने तर काम नहोस र आउदो चुनावमा हामीले त राष्ट्रिय भूमि आयोग बनाएर जनतालाई मालिक बनाउन खोजेका थियौ तर प्रतिपक्षले कार्यन्वयन गर्न दिएन भनेर भोट बैकको सुरक्षा गर्ने र आफ्ना कार्यकर्तालाई त्यता सुरक्ष गर्ने र अल्झाउने खेलमा लागेको देखिन्छ ।

यस्ता गतिविधिहरू देशभरी छ । सवैभन्दा पहिलो भनेको मानिस हो । तर नेपालमा सत्तामा बस्ने मानिसहरूले गरिखाने मानिस देखेको नदेख्यै गर्छन् । कानून बनाउदा नेपाली नागरिकको सुविधा र अवस्थालाई हेरेर बनाएको देखिदैन । कुन चै देशको निर्देशनमा कुन चै एनजिओले डाफ्ट बनाईदिन्छ । उसैको डाफ्टको आधारमा वन नीति, जमिन नीति, कृषि नीति, शहर बनाउने नीति केन्द्रीत हुन्छन् । भएका पनि त्यस्तै छन् ।

यस्तै यस्तै हुदै आउदा नेपालमा भूमि आयोगले भूमि हिनहरूलाई भूमि दिने र वासको ग्यारेण्टी गर्ने भन्दै आएको छ । २०७६ सालमा स्थापना भएको राष्ट्रिय भूमि आयोगले हालसम्म कुनैपनि नागरिकलाई भूमि दिएको रेकर्ड छैन ।

कतै कतै सुकुम्वासीले खोरिया फाडेर ३० सौ वर्ष अन्न उत्पादन गरिरहेको खेतलाई समेत वनले पछि ति किसानको खेतमा विरूवा रोपेर नाटक गर्ने गरेको छ । नेपालमा ४४ प्रतिशत भन्दा बढी जंगलले ओगटेको छ । वातावरणीय दृष्टिले नेपालको लागि राम्रै होला तर वार्षिक झण्डै एक खर्बको खाद्यन्न छिमेकी मुलुक तथा अन्य राष्ट्रवाट ल्याउदा के वनको ऐन नीयमले देशको अर्थतन्त्र बच्छ । अर्को भूमिसँग धेरै वन कार्यलय जोडिएको हुनाले वनले यसरी वातावरण जोगाउन र सार्वजनिक सम्पतिको रक्षा गरेकोमा सवै नेपाली नागरिकले स्यावास दिएकै छन् । तर वन कार्यलयमा नै विदेशी काठले वनेका टेवल कुर्सी हुन्छन् ।

विशेष गरेर नेपालको राष्ट्रिय भूमि आयोगले तराईमा खेती गर्न योग्य जाहा जंगल छैन त्याहा सुकुम्वासीलाई जग्ग दिनुका साथै कृषि गर्नको लागि वातावरण बनाउन सक्छ ? पाहाडमा जाहा व्यात्तिहरूका छरिएर थोरै जग्गा जमिन भएकै कारण कृषि पेशावाट बाच्न नसकेका मानिसहलाई समेत समेटन सक्छ ?

हिमाली क्षेत्रमा रहेका मानिसलाई पशुपालनको लागि वन ऐन परिमार्जन गरेर किसानलाई सहजीकरण गर्न सक्छ ? यस्ता कामहरू गर्न सकेको खण्डमा मात्र नेपालका नागरिकलाई मालिक बनाउन सकिन्छ । नभए आयोग बनाउने अध्ययनका नाममा सरकारी बजेट सक्ने कामभन्दा अरू केही हुन सक्ने देखिदैन ।

# खाद्य सुरक्षाको अधिकार



**प्रविनकुमार यादव**

मानवजीवनको अस्तित्व तथा समुन्नतिका लागि भोजन अनिवार्य आवश्यकता हो । कुनै पनि व्यक्तिको स्वस्थ जीवनयापनका लागि पौष्टिक, सुरक्षित, सुलभ र पर्याप्त भोजन प्राप्त हुनु जरुरी छ । यसै कारण, खाद्य अधिकारलाई विश्वभर आधारभूत मानवअधिकारका रूपमा परिभाषित गरिएको छ ।

नेपालको संविधानले समेत खाद्य अधिकारलाई मौलिक अधिकारको रूपमा समेटेको छ, जसले प्रत्येक नागरिकलाई पर्याप्त तथा पौष्टिक भोजन प्राप्त गर्ने कानुनी आधार प्रदान गर्दछ । खाद्य अधिकारले मानिसलाई गरिबी, भोकमरी तथा कुपोषणबाट बचाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । खाद्य सुरक्षाको अभावले व्यक्तिको दैनिकि जीवनमा प्रतिकूल असर पार्नुका साथै समाजमा असमानता, गरिबी तथा स्वास्थ्यसम्बन्धी समस्याहरू निम्त्याउँछ ।

नेपालजस्तो कृषिप्रधान देशमा खाद्य अधिकारलाई सुनिश्चित गर्नका लागि कानुनी, प्रशासनिक तथा नीतिगत व्यवस्था आवश्यक छ । खाद्य सुरक्षाको सुनिश्चितता भएमा मात्र सामाजिक न्याय तथा मानवअधिकारको प्रत्याभूति गर्न सकिन्छ । खाद्य सुरक्षामा देखा परेका भौगोलिक कठिनाइ, प्राकृतिक विपत्ति, गरिबी तथा असमान वितरण प्रणालीले गर्दा खाद्य असुरक्षाको समस्या अझै हट्न सकेको छैन ।

विशेष गरी, दुर्गम भेगमा बसोबास गर्ने नागरिकहरू, गरिब तथा पिछडिएको वर्ग, गर्भवती महिला, बालबालिका तथा वृद्धवृद्धाहरू बढी प्रभावित हुने गरेका छन् । कुपोषण तथा खाद्य असुरक्षाका कारण लाखौं नेपालीले आफ्नो शारीरिक तथा मानसिक विकासमा समस्या भोग्नुपरेको यथार्थ छ । खाद्य अधिकार कुनै व्यक्तिको मात्र नभई समग्र समाज तथा राष्ट्रको आर्थिक, सामाजिक, तथा मानव विकाससँग प्रत्यक्षरूपमा सम्बन्धित भएकाले यसलाई व्यवहारमा लागू गर्न सरकारले विशेष पहल गर्नुपर्छ ।

नेपालको संविधान, २०७२ ले खाद्य अधिकारलाई एक मौलिक अधिकारको रूपमा व्यवस्था गरेको छ । संविधानको धारा ३६ (१) अनुसार प्रत्येक नागरिकलाई खाद्य सुरक्षासहितको खाद्य अधिकार प्राप्त हुनेछ । यसअनुसार, प्रत्येक व्यक्तिलाई पर्याप्त, सुलभ र पौष्टिक भोजन प्राप्त गर्नका लागि राज्यले आवश्यक कदम चाल्ने कर्तव्य पर्छ । धारा ३६ (२) मा नागरिकलाई भोजनको सुलभता र पहुँचको ग्यारेन्टी गरिएको छ, जसले गर्दा प्रत्येक व्यक्तिले आफ्नो स्वास्थ्य र जीवनस्तरको सुधारका लागि आवश्यक भोजन पाउने सुनिश्चितता प्राप्त गर्दछ ।

यसै गरी, धारा ३६ (३) ले खाद्य असुरक्षाबाट प्रभावित व्यक्तिहरूसम्म राज्यको सहायता पुग्नुपर्ने व्यवस्था गरेको छ । संविधानको धारा ४२ (१) ले विशेष गरी पछाडि पारिएका समुदायलाई खाद्य सुरक्षाको विशेष हक दिएको छ, जसले गरिब र विपन्न वर्गलाई खाद्य सुरक्षा पहुँच पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपालको संवैधानिक प्रावधानहरूले खाद्य अधिकारलाई एक शक्तिशाली कानुनी आधार दिएको छ र प्रत्येक नागरिकलाई उचित, सुलभ र सुरक्षित खाद्य प्राप्तिको अधिकारको सुनिश्चितता प्रदान गरेको छ ।

नेपालले खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ पारित गरेर यस अधिकारलाई कानुनीरूपमा सुनिश्चित गरेको छ । यस ऐनले खाद्य सुरक्षाका मापदण्डहरू निर्धारण गर्दछ र स्थानीय सरकारलाई खाद्य आपूर्तिको व्यवस्थापन गर्ने अधिकार प्रदान गर्दछ । यसले खाद्य अधिकारको कार्यान्वयनमा स्थानीय तहको भूमिकालाई महत्त्वपूर्ण बनाएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा पनि नेपालले खाद्य अधिकारलाई मान्यता दिनका लागि विभिन्न सन्धि र सम्झौतामा हस्ताक्षर गरेको छ । उदाहरणका लागि, विश्व मानवअधिकार घोषणाको धारा २५ मा प्रत्येक व्यक्तिलाई पर्याप्त भोजन प्राप्त गर्ने हकको कुरा गरिएको छ । त्यस्तै, अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार महासन्धिको धारा ११ मा सदस्य राष्ट्रलाई खाद्य सुरक्षाको हक सुनिश्चित गर्न नीति तथा कार्यक्रम लागू गर्न निर्देशन दिइएको छ ।

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ को धारा २४ र २७ ले बालबालिकालाई पर्याप्त भोजन उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने कुरालाई प्रमुखरूपमा समेटेको छ । यस प्रकार, नेपालले अन्तर्राष्ट्रिय कानुनी मापदण्डअनुसार खाद्य अधिकार सुनिश्चित गर्नका लागि आफ्ना नीति र कानुनी प्रावधानहरूलाई सुसंगत बनाएर काम गरिरहेको छ । नेपाल सरकारले खाद्य अधिकारलाई सुनिश्चित गर्न विभिन्न नीति र कार्यक्रमहरू लागू गर्दै आएको छ । २०६९ मा पारित गरिएको राष्ट्रिय खाद्य सुरक्षा नीति, खाद्य सुरक्षासँग सम्बन्धित कानुनी व्यवस्था लागू गर्नको लागि महत्त्वपूर्ण कदम हो । यसले खाद्य सुरक्षाको सुनिश्चितता र यसको कार्यान्वयनका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ ।

यस नीतिअन्तर्गत, सरकारले खाद्यान्नको उत्पादन, वितरण र भण्डारण व्यवस्थालाई सुधार्ने लक्ष्य राखेको छ, जसले देशभर खाद्य सुरक्षाको अवस्था मजबुत बनाउन सहयोग पुऱ्याउनेछ । त्यस्तै, पोषण योजनाको कार्यान्वयनले २०२५ सम्म कुपोषण हटाउने लक्ष्य राखेको छ, जसमा विशेष गरी बालबालिका, गर्भवती महिलाहरू र वृद्धवृद्धाहरूको पोषणमा सुधार ल्याउने उद्देश्य राखिएको छ । यस योजनाले खाद्य सुरक्षासँग सम्बन्धित विभिन्न पक्षहरूलाई सम्बोधन गर्दै, नेपालको समग्र स्वास्थ्य र पोषण स्तरमा सुधार ल्याउने प्रयास गरेको छ ।

नेपाल सरकारको कृषि विकास रणनीति २०१५-२०३५ ले दीर्घकालीन कृषि सुधार र खाद्य सुरक्षामा केन्द्रित योजना तयार गरेको छ । यस रणनीतिको उद्देश्य नेपालको कृषि क्षेत्रमा उत्पादकत्व बढाउने र खाद्य सुरक्षामा सुधार गर्ने हो । साथै, खाद्य बैंक र सहकारीहरूको स्थापना पनि यस क्षेत्रको एक महत्त्वपूर्ण हिस्सा हो । खाद्य बैंकले खाद्यान्नको भण्डारण र आपूर्ति प्रक्रियामा सुधार ल्याउँछ भने, सहकारीहरूले स्थानीय तहमा खाद्य सुरक्षाका कार्यक्रमहरूको कार्यान्वयनमा सक्रिय भूमिका खेल्छन् । यसरी, यी नीतिहरू र कार्यक्रमहरूले नेपालको खाद्य सुरक्षालाई सुनिश्चित गर्नका लागि दीर्घकालीन र व्यापक दृष्टिकोण प्रस्तुत गरेका छन् ।

**खाद्य सुक्षामा देखिएका चुनौतीहरू:**

पहिलो चुनौती भनेको कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनमा कमजोरी हो । नेपालमा खाद्य सुरक्षासँग सम्बन्धित विभिन्न कानुनी व्यवस्थाहरू उपलब्ध भए तापनि, तिनीहरूको सही ढंगले कार्यान्वयन भएको छैन । प्रशासनिक स्तरमा समन्वयको अभाव, स्रोत र साधनहरूको कमी र नीतिका बारेमा जनचेतनाको अभावले गर्दा कानुनी व्यवस्थाहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्न कठिनाइ आएको छ ।

यसको परिणामस्वरूप, खाद्य सुरक्षासम्बन्धी प्रावधानहरू प्रभावकारीरूपमा लागू हुँदैनन् र यसले नागरिकको जीवनस्तरमा सुधार ल्याउनमा ठूलो चुनौती खडा गरेको छ । यसका अतिरिक्त, खाद्य सुरक्षासँग सम्बन्धित निकायहरूबीच समन्वयको अभाव पनि अर्को महत्त्वपूर्ण समस्या हो । सरकारका विभिन्न निकायहरूले खाद्य सुरक्षाका कार्यक्रमहरूको कार्यान्वयनका लागि जिम्मेवारीहरू निर्धारण गरेका भए पनि, तिनीहरूबीच उचित समन्वय र साझेदारीको कमीले कार्यहरूमा ढिलाइ र असमानता ल्याएको छ । विभिन्न निकायहरूको बीचमा आपसी समन्वयको अभावले गर्दा योजनाहरूको प्रभावकारिता घटेको छ र यसले खाद्य सुरक्षा सुनिश्चित गर्ने प्रयासमा अवरोध सिर्जना गरेको छ ।

राजनीतिक अस्थिरताका कारण नीति निर्माणमा ढिलाइ हो ।

नेपालमा लामो समयदेखि राजनीतिक अस्थिरता र सरकारको परिवर्तनले नीति निर्माण प्रक्रियामा समयको अनावश्यक ढिलाइ भएको छ । यस अस्थिरताले खाद्य सुरक्षासम्बन्धी दीर्घकालीन योजनाहरूलाई प्रभावित गरेको छ र योजनाहरूको निरन्तरतामा समस्या आएको छ । राजनीतिक परिवर्तनसँगै केही महत्त्वपूर्ण योजनाहरू र नीतिहरूको कार्यान्वयनमा अवरोध आएको छ, जसले गर्दा नेपालको खाद्य सुरक्षामा सुधार गर्नका लागि आवश्यक कदमहरू अघि बढाउन कठिनाइ भएको छ । अन्ततः, स्थानीय तहमा खाद्य सुरक्षाका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अभाव पनि एक प्रमुख चुनौती हो । यद्यपि, स्थानीय तहमा खाद्य सुरक्षाका विभिन्न योजनाहरू र कार्यक्रमहरू सञ्चालन गरिएका छन्, तर त्यसका बाबजुद पनि उनीहरूको कार्यान्वयन प्रभावकारी र समयमै हुने गरेको छैन ।

स्थानीय सरकारका निकायहरूलाई पर्याप्त स्रोत र प्रशिक्षणको अभाव छ, जसले गर्दा उनीहरू यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा असफल भइरहेका छन् । यसका परिणामस्वरूप, खाद्य सुरक्षामा असमानता र असमान पहुँचको समस्या उत्पन्न भइरहेको छ । यी सबै चुनौतीहरूलाई सम्बोधन गर्नका लागि समन्वय, कानुनी प्रावधानहरूको कडाइपूर्वक कार्यान्वयन र राजनीतिक स्थिरताका साथै स्थानीय तहमा स्रोत र क्षमता वृद्धि गर्ने उपायहरू अवश्य अपनाउनुपर्नेछ ।

**समाधानका उपायहरू:**

पहिलो उपाय भनेको स्थानीय उत्पादन बढाउन सरकारी सहयोगको आवश्यकता हो । नेपालका ग्रामीण र दुर्गम क्षेत्रहरूमा खाद्यान्नको आपूर्ति र उत्पादनमा कमी रहेको छ, जसले खाद्य सुरक्षामा संकट ल्याउँछ । सरकारले स्थानीय कृषकलाई आर्थिक र प्राविधिक सहयोग प्रदान गरेर स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नुपर्नेछ । यसका लागि, कृषि उपजको वृद्धि, सस्तो र प्रभावकारी सिंचाइ प्रणालीको विकास र कृषकहरूको क्षमता वृद्धिका लागि तालिमहरूको आयोजना गर्न आवश्यक छ । यसरी, कृषकहरूलाई वित्तीय अनुदान र अनुकूलित कृषि प्रविधिहरूको माध्यमबाट खाद्य उत्पादन बढाउने प्रेरणा दिन सकिन्छ, जसले समग्र खाद्य सुरक्षामा सुधार ल्याउनेछ । साथै, स्थानीय तहहरूमा कृषि उत्पादनको प्राथमिकता दिनु, खाद्यान्न भण्डारण र बिक्री व्यवस्थापनमा सुधार ल्याउनु पनि महत्त्वपूर्ण हुनेछ ।

दोस्रो उपाय भनेको खाद्य सुरक्षासम्बन्धी नीति र कार्यक्रमहरूको कडाइपूर्वक कार्यान्वयन हो । नेपाल सरकारले खाद्य सुरक्षासम्बन्धी विभिन्न नीति र योजनाहरू लागू गरिसकेका छन्, तर ती प्रायः प्रभावकारी रूपमा कार्यान्वयन भएका छैनन् । यसले गर्दा खाद्य सुरक्षामा वास्तविक सुधार ल्याउनका लागि कडा निगरानी र कार्यान्वयन आवश्यक छ । यसका लागि, सरकारी निकायहरूलाई कडा निगरानी र मूल्याङ्कन प्रणालीमार्फत प्रत्येक योजनाको कार्यान्वयनमा ध्यान दिनुपर्नेछ । थपरूपमा, सहकारीहरूको माध्यमबाट खाद्यान्न आपूर्ति व्यवस्थापन सुधार गर्न सकिन्छ ।

खाद्य सुरक्षाको लागि सहकारीहरूले स्थानीय स्तरमा खाद्यान्न भण्डारण र वितरणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । यसरी सहकारी संस्थाहरूले खाद्य आपूर्तिमा पारदर्शिता र पहुँचमा सुधार ल्याउनका लागि एक प्रभावकारी प्रणालीको विकास गर्न सक्छन् । अर्को महत्त्वपूर्ण उपाय भनेको कमजोर वर्गका लागि विशेष खाद्य सहायता कार्यक्रमहरू लागू गर्नु हो । गर्भवती महिलाहरू, बालबालिका, वृद्धवृद्धाहरू र गरिब वर्गका लागि खाद्य सहायता कार्यक्रमको कार्यान्वयनले कुपोषण र भोकमरी कम गर्न मद्दत पुऱ्याउँछ । यसका लागि, सरकारी र गैरसरकारी संस्थाहरूले संयुक्तरूपमा खाद्य सहायता वितरणका कार्यक्रमहरूको विकास गर्न आवश्यक छ, जसले खाद्य सुरक्षालाई अझ बढी सुनिश्चित गर्नेछ ।

# बाल गायिका कमला घिमिरे गीत संगीतसँगै कलाकारिता क्षेत्रमा



*नेपाली गीत संगीत क्षेत्रमा सानै उमेरदेखि नै सक्रिय र चर्चित नाम बनेकी बाल गायिका कमला घिमिरे हाल संगीतसँगै अभिनयमा पनि रमाउन थालेकी छन् । कमलाले सानै उमेरदेखि गीत संगीतमा रूचि राखेर यो क्षेत्रमा पाइला चालिन्, र उनका गीतहरूले नेपाली संगीत क्षेत्रमा एउटा ठूलो स्थान बनाउन सफल भयो ।*

*सानै उमेरबाट गीत संगीतमा लागेकी कमलाका गीतले सांगीतक क्षेत्रमा एक छत्र राज नै गरेको थियो उनले गाएका अधिकांश गीतहरू करोड कलबमा पुगेकाछन् भने उनले गायका लाइभ दोहोरीले नेपाली गीत संगीतमा इतिहास बनाएको छ । उनै बाल गायिकालाई बहु प्रतिभाको धनी भन्दा खासै फरक पर्दैन । उनी गाउन मात्र होइन् अभिनयमा पनि उतिकै राम्रो गर्दै आएकीछन् उनै बाल गायिका कमला घिमिरेसँग जन आकाश मिडियाका संववादाता बिनोद कार्कीसँग गरेको कुराकानी यस अंकमा यसरी प्रस्तुत गरिएको छ ।*

**आज भोली केमा व्यस्था हुनुहुन्छ ?**

आज भोलि पढाइ, सिरियल, म्युजिक भिडियोको सुटिङ तिर नै व्यस्था छु परिक्षा पनि आउदै छ बिशेष गरी पढाइलाई ध्यान दिदै छु भखरै महिले आफ्नै बिजनेश व्याग पसल पनि सुरुवात गरेको छु जे होस आज भोली आफुलाई व्यस्त नै बनाएको छु ।

**हिजोको कमला र आजको कमलामा के भिन्नता छ ?**

हिजोको कमला र आजको कमलामा खासै भिन्नता छैन् तर समय परिस्थितिले मलाई अलि व्यवारिक बनाएको छ अलि बुझ्ने भएको छु । हिजोको दिनमा बा, आमाको काखमा थिए आज बिरानो मुलक काठमाडौ आएर एक्लै संघर्ष गर्दै छु बा,आमाको साथमा नहुँदा धेरै कुरा सिकिने रहेछ ।

**गीत संगीतको भबिष्य के छ जस्तो लाग्छ ?**

गीत संगीतको भबिष्य राम्रो नै छ जस्तो लाग्छ चल्न सक्यो भनी चल्न सके न भनी त भन्न सकिदैन् ।

**तपाइको बाल्यकाल कसरी बित्यो ?**

मेरो बाल्यकाल सामान्य तरिकाले बित्यो खाना लागाउनको अभाव थियन तर कठिन परिस्थितिहरु धेरै नै आउथे ,अभावका दिन पनि धेरै थिए, दुखका दिन पनि धेरै आए,आर्थिक अभावका कारण सोचे जस्तो हाम्रो जिवन थिएन् । तर मेरो जिवनमा खुसीका दिनहरु पनि धेरै आए सानै उमेरमा सबैको माया पाए सबैलाई कमला घिमिरे नामले चिनाए । त्यो समयलाई सम्झिदा म महिनामा ३२ दिन सम्मा स्टेज प्रोगाम मेला महत्सवमा व्यस्त हुन्थे ।

मेरो घरको आगनमा धेरै मिडियाहरु पुग्ने गर्थे अहिले ति दिनलाई सम्झिदा पनि आनन्द लाग्छ ।

# गोर्खाबाट गायिका बन्न आएकी सुस्मा सुनार

**काठमाडौं–** पछिल्लो समय गीत संगीत क्षेत्रमा धेरैको रुची बढ्न थालेको छ आफु फेममा देखिएर नाम दाम दुबै कमाउने सोकले गीत संगीतमा धेरैको रुची देख्न सकिन्छ । त्यस्तै गोर्खाबाट गायिका बन्छु भनेर काठमाडौ आएकी सुस्मा सुनारको कथा पनि निकै अनौठो छ । सानैदेखि गीत संगीतमा भबिष्य बनाउने सोच बोकेकी सुस्मा उमेर बढेसँगै परिवारको जिम्मेवारी,घरको आर्थिक अवस्थाले गर्दा बिदेशको यात्रा रोज्ने सोच बनाइन् । पासपोर्ट बनाएर खाडी मुलुक दुबै जाने सोच राखिन् तर संयोग यस्तो भयो उनको आवाज सुनेर सबै चकित भए र उनले गायका गीतहरु टिकटकमा राता रात भाइरल हुन् पुगे अनि मिडियाहरुले उनको खोजि गर्न थाले यतिबेला सुस्माले केही गीत समेत रेकर्ड गरिसकेकी छिन् ।

गीत संगीतमा भबिष्य खोजि रहेकी सुस्मा यति बेला बिदेश नजाने गीत संगीतमै केही गर्न सोच बोकेकी छिन् । उनै नव गायिका अवसरको खोजिमा जन आकाश मिडियाले निर्माण गरेको संगीत खबर कार्यक्रममा आएकी छिन् उनै नव गायिका सुस्मा सुनारसँग जन आकाशका संवदाता बिनोद कार्कीले गरेको कुराकानी यस अंकमा यसरी प्रस्तुत गरिएको छ ।



**गीत संगीमा कसरी रुची आयो ?**

सानैदेखी गाउँघरको उकाली ओराली, भन्ज्याङ चौतारी, मेलापात गर्दा गीतहरु गुनगुनाउने गर्थे । मेरो सानैदेखिको सपना भनेकै गायिका बनेर सबैलाई चिनाउने थियो त्यसैले नै मेरो संगीतमा रुची जाग्यो ।

**के देख्नु भएको छ गीत संगीतमा भबिष्य ?**

गीत गायर सबैलाई चिनाउने, देश, बिदेश जाने थुप्रै सपनाहरु छन् गीत संगीतमा मैले रंगिन सपनाहरु देखेको छु ।

**गीत संगीतमा लाग्न घर परिवारबाट कतिको साथ सपोट पाउनु भएको छ ?**

घर परिवारको साथ सपोट राम्रो नै छ तर घरको आर्थिक अवस्था एकदमै कम्जोर छ आफुले लगानी गरेर गीत रेकर्ड गर्न सक्ने अवस्था छैन् ।

**गीत संगीतमा लाग्छु भनेर गोर्खाबाट काठमाडौ आउनु भएको हो ?**

म गीत संगीतमा लाग्छु भनेर काठमाडौ आएको थिइन् घरको आर्थिक अवस्थाको कारण म बिदेश जान्छु भनेर पासपोर्ट बनाएर काठमाडौ आएको थिए । तर संयोगले मलाई विदेश जानबाट रोक्यो । मेरो आवाज सुनेर सबैले नजाउ बिदेश गीत संगीतमा केही गर तिम्रो आवाज राम्रो छ भनेर हौसाला दिनु भयो । अनि बिदेशलाई बिर्सिएर गीत संगीतमा केही गर्नुपर्छ भन्ने जोस जागर चल्यो । अब गीत संगीतमै केही गर्छु भनेर लागेको छु हेरम अब के हुन्छ गीत संगीतमा । भन्दै नव गायिका सुस्मा सुनार संगीत खबर कार्यकममा बताउछिन् ।

# गीत संगीतमा लामो अनुभव बोकेका गायक तथा संगीतकार कृष्ण स्वर्णकार



काठमाडौं- नेपाली गीत संगीतको क्षेत्रमा एक लामो र समृद्ध यात्रा तय गरेका पुराना गायक र संगीतकार कृष्ण स्वर्णकार आज पनि संगीतप्रतिको आफ्नो प्रेम र समर्पणमा अडिग छन् । गीत संगीतमा उनका योगदानहरू अतुलनीय छन् र उनले नेपाली संगीत जगतलाई नयाँ उचाइमा पुर्याएकाछन् । कृष्ण स्वर्णकारका दर्जनौं गीतहरू नेपाली संगीतको इतिहासमा सदाबहार बनेका छन्, र आज पनि उनका गीतहरूलाई सुनिँदै आएका छन् ।

स्वर्णकारको संगीतको यात्रा दशौं वर्ष पुरानो छ । उनको संगीतको प्रभाव आज पनि नेपाली संगीत क्षेत्रमा व्याप्त छ । संगीतप्रति उनको असल समर्पण र आदर्शका कारण उनलाई एक आदर्श व्यक्तित्वको रूपमा लिइन्छ । उनले सधैं भनिरहेका छन्, । सास रहेसम्म मेरो जीवनमा संगीत रहने छ । यो भनाइले उनको जीवन र संगीतप्रतिको अडिग प्रेमलाई झल्काउँछ ।

गीत संगीतको क्षेत्रसँग सम्बन्धित स्वर्णकारका अनुभवहरू अत्यन्त गहिरो र अर्थपूर्ण छन् । उनले भने, मैले गीत संगीतमा दशौं वर्ष बिताइसके । अहिलेको समयमा मल्टिमिडिया र डिजिटल प्लेटफर्महरूको विकासले गर्दा संगीतको संसार निकै परिवर्तन भएको छ । हामीले आफ्नो बाल्यकाल र युवावस्थामा यस्तो प्रविधि थिएन । त्यो समयमा हामीलाई गाउँघरको उकाली ओराली, भयान्जङ, चौतारीमा बिताएका घटनाहरु याद छन्, जहाँ साथीहरूसँग रेडियोमा बजिरहेका गीतहरू सुन्ने गर्थ्यौं । त्यो समयको रमाइलो कुरा अहिले पनि सम्झन्छु ।

आजका आधुनिक उपकरणहरू र डिजिटल मिडियाको आगमनसँगै संगीतको संसार फेरिएको छ, जसको बारेमा स्वर्णकारले भने हामी जुन समयका जनताको कुरा गर्छौं, त्यो समय रेडियो हाम्रो प्रमुख स्रोत थियो । हामीले मनपर्ने गीतहरू रेडियोबाट सुन्ने गर्थ्यौं, र त्यो समयको रमाइलो अनुभवलाई कहिल्यै भुल्न सक्दिन । अहिले भने मोबाइलको हातमा भएको संसारले हामीलाई विश्वका कुनै पनि कुनासम्म पुग्न सहज बनाएको छ ।

त्यस समयका गीत र संगीतका अनुभवहरू कृष्ण स्वर्णकारको जीवनका अमूल्य खजाना भएका छन् । उनले थप भने, हाम्रो पालामा गीत संगीतको पहुँच त्यति सरल थिएन । गाउँगाउँको सांगीतिक कार्यक्रमहरू, मेला महोत्सवका गीतहरू, रेडियोका कार्यक्रमहरू यी सबैलाई मन पराउने कुरा थियो । मैले कहिल्यै सोचेको थिइन कि एक दिन संगीतलाई यति ठूलो डिजिटल प्लेटफर्ममा प्रस्तुत गर्न सकिनेछ ।

स्वर्णकारका गीतहरू प्रायः नेपाली समाजका विभिन्न पाटोहरू र सांस्कृतिक धरोहरको प्रतिनिधित्व गर्छन् । उनले आफूलाई केवल संगीतकारको रूपमा मात्र सीमित नगरी, नेपाली गीत संगीतको रचनात्मकता र समृद्धिका लागि योगदान दिने उद्देश्य राखेका छन् । आज पनि उनका गीतहरूको माग उत्तिकै रहेको छ र तिनका शब्द र संगीतले धेरै पुस्तालाई प्रेरित गरेका छन् ।

नेपाली संगीतमा स्वर्णकारको योगदान केवल गीत लेखन र संगीत संयोजनसम्म सीमित छैन, उनले आफ्नो स्वर र प्रस्तुतिको माध्यमबाट नेपाली संगीतको दृश्य र ध्वनि कोषलाई नै समृद्ध बनाएका छन् । स्वर्णकारका गीतहरू केवल एक सन्देश मात्र नभएर, नेपाली समाजका भावनात्मक र सांस्कृतिक पक्षलाई पनि उजागर गर्छन् ।

आजको समयमा, जब डिजिटल मिडिया र मल्टिमिडिया प्रविधिहरूले गीत संगीतको दुनियाँलाई थुप्रै रूपले बदलिसकेको छ, स्वर्णकारका अनुभव र विचारहरू महत्त्वपूर्ण छन् । उनका लागि संगीत केवल व्यवसाय होइन, जीवनको अभिन्न हिस्सा हो । संगीतका माध्यमबाट उनले नेपाली समाजको भावना र सांस्कृतिक धरोहरलाई जोगाउने प्रयास गरेका छन्, र यसका लागि उनलाई नेपाली संगीतको संरक्षकको रूपमा मानिन्छ ।

उनका शब्दहरू र संगीतले नेपाली संगीतका चाहनाहरू र भावना व्यक्त गरेका छन् । स्वर्णकारको संगीतमा एक यस्तो शक्ति र सुन्दरताको मिश्रण छ जुन नेपाली संगीतलाई विश्वभरका संगीतप्रेमीहरूसम्म पुर्याउन सक्षम भएको छ । आजको आधुनिक समयमा पनि, कृष्ण स्वर्णकारका गीतहरूले संगीतप्रेमीहरूको मनमा अझै स्थान बनाइरहेका छन् ।

**रामेछाप डायरी**

# रामेछाप नगर पालिका-५ का आगलागि पिडितलाई राहत वितरण

रामेछापको रामेछाप नगरपालिका ५ रामपुरको बसन्तपुर ठिउरे स्वाराबेसीको सामुदायिक बनमा लागेको डढेलोका कारण घर गोठ गुमाएका परिवारलाई रामेछाप नगरपालिका र नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा रामेछापले बुधबार राहत वितरण गरेका छन् ।

नगर प्रमुख लबश्री न्यौपाने र उपप्रमुख बालकुमारी कार्की थापा सहित रेडक्रसका प्रतिनिधिहरुले रामपुर पुगेर घरबार विहिन हुन पुगेका पविारलाई त्रिपाल, खाद्यान्न र अन्य सामाग्री वितरण गरेका हुन् ।

मंगलबार स्थानीय जंगलबाट सल्केको डढेलोले रामेछाप ५ का कमाने रानामगर, गुणराज सुनुवार र गोपालवहादुर सुनुवारको २ घर र ५ वटा गोठ जलेका थिए । गत वर्ष आगलागीबाट रामेछापमा ठुलो क्षति भएको थियो ।

यस वर्ष पनि आगालागीको घटनाहरु बढ्न थालेका छन । आगलागीले हरेक वर्ष जन,धन र वनस्पतीको क्षति गरिरहेको भएपनि पूर्व तयारी र नियन्त्रणमा खासै काम हुन सकेको छैन । स्थानिय तह र डिभिजन वन कार्यालयले आगलागी नियन्त्रण र पूर्व तयारीमा कामै गर्न नसकेको जन गुनासो छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३२, २०८१ साल चैत्र १९ गते मंगलबार (APR 1, 2025)

# हिमालयले ल्हासा-पोखरा-ल्हासा सेड्युल उडान सेवा सुरु गर्‍यो

काठमाडौं- नेपाल- नेपाल र चीनको संयुक्त लगानी भएको हिमालय एअरलाइन्स्ले मार्च ३१, २०२५ मा ऐतिहासिक ल्हासा-पोखरा-ल्हासा सेड्युल उडान सेवा सुरु गरेको छ ।

'रुफ अफ द वर्ल्ड' भनेर चिनिने विश्व प्रसिद्ध सहर ल्हासाबाट नेपालको पर्यटकीय राजधानी पोखरासम्मको यो ऐतिहासिक सेड्युल उडान सेवामार्फत हिमालय एअरलाइन्स्ले नेपाल र चीनबीचको हवाई सम्पर्कलाई सुदृढ गर्ने छ, जुन एअरलाइन्स्को लागि एक महत्वपूर्ण कोसेढुङ्गा रहनेछ ।

नेपालको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्न र अन्तर ाष्ट्रिय हवाई यात्रालाई टेवा पुर्‍याउन समर्पित, हिमालय एअरलाइन्स्ले निर्बाध र सुविधाजनक यात्रा विकल्पहरू प्रदान गर्न आफ्नो उडान सञ्जाल बिस्तार गर्न जारी राखेको छ ।

ल्हासा-पोखरा-ल्हासा उडानले नेपाललाई विश्वसँग जोड्ने, सांस्कृतिक आदानप्रदानलाई सहज बनाउने र दुवै गन्तव्यहरूको पर्यटन वृद्धिमा सहयोग गर्ने एअरलाइन्स्को प्रतिबद्धतालाई जोड दिन्छ ।

हिमालय एअरलाइन्स्ले काठमाडौँ-ल्हासा-पोखरा-ल्हासा-काठमाडौँ सेक्टर जोड्न तथा मागको आधारमा आगामी दिनमा उडानहरू पनि थप्ने योजनासहित हाल हप्तामा एउटा उडान सञ्चालन गर्दै छ ।

ऐतिहासिक ल्हासा-पोखरा उडान-ज्९ ७३२) ले ल्हासा गोङ्गर विमानस्थलबाट आज चीनको स्थानीय समयअनुसार मार्च ३१, २०२५ मा १४:३९ बजे उडान भर्‍यो र एक घण्टा चौतीस मिनेटको उडान समय पछि कुल १०७ यात्रुहरूसहित आजै नेपाली स्थानीय समयअनुसार १३:५६मा पोखरा अवतरण गर्‍यो । यसै गरी, ऐतिहासिक पोखरा-ल्हासा उडान -ज्९ ७३१) पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अप्रिल ०१, २०२५ मा स्थानीय समयअनुसार बिहान ८:२० मा प्रस्थान गरी सोही दिन चीनको स्थानीय समयअनुसार १२:०५ बजे ल्हासा गोङ्गर विमानस्थलमा अवतरण गर्ने छ ।




नयाँ ल्हासा-पोखरा-ल्हासा उडानले यात्रुहरूलाई नेपालको पर्यटन राजधानी पोखरा र चीनको ऐतिहासिक तथा मनोरम सहर ल्हासाबीच सिधा र सहज हवाई सेवाको विकल्प प्रदान गर्दैछ ।

हिमालय एअरलाइन्स् आफ्ना यात्रुहरूलाई गुणस्तरीय सेवा र सुरक्षित यात्राको अनुभव प्रदान गर्न सदैव प्रतिबद्ध छ । यो मार्गमा उडान शुभारम्भ भएसँगै सुस्त ग्रीष्मकालीन सिजनमा पनि पर्यटन बढ्ने अपेक्षा गरिएको छ ।

यस ऐतिहासिक ल्हासा-पोखरा-ल्हासा उडान सेवाको उद्घाटन कार्यक्रममा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे प्रमुख अतिथिका रूपमा उपस्थित हुनु भएको थियो ।

यसका साथै, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री माननीय अरुणकुमार चौधरी, गण्डकी प्रदेशका माननीय उद्योग र पर्यटन मन्त्री मित्रलाल बस्याल, नेपालका लागि जनवादी गणतन्त्र चीनका महामहिम राजदूत चेन सोङ, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक देव चन्द्र लाल कर्णलगायत अन्य विशिष्ट व्यक्तिहरूलाई हिमालय एअरलाइन्स्का अध्यक्ष, झोउ एनयोङ, उपाध्यक्ष-प्रशासन विजय श्रेष्ठ तथा हिमालय एअरलाइन्स्का अधिकारीहरूले स्वागत गर्नुभएको थियो ।

ल्हासास्थित नेपाली महावाणिज्यदूतावासका महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलाले पनि कार्यक्रममा उपस्थिति जनाउनु भएको थियो ।

# ज्योति विकास बैंकद्वारा सुदूरपश्चिम प्रदेशका दुर्गम स्थानहरुमा बेबी वार्मर प्रदान

काठमाडौं- ज्योति विकास बैंकले देशका ग्रामीण क्षेत्रहरूमा जीवनरक्षक चिकित्सा उपकरणहरूको महत्त्वलाई ध्यानमा राखी सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका अस्पताल तथा बर्थिंग सेन्टरहरूमा नवजात शिशुको शारीरिक तापक्रमलाई उचित राख्न र हाइपोथर्मिया (अल्पताप) को जोखिमबाट जोगाउन आवश्यक बेबी वार्मर (न्यानो नानी) मेसिनहरू प्रदान गरेको छ ।

बैंकलेसुदूरपश्चिम प्रदेशका पहाडी भेगका अति दुर्गम चार स्थानमा सो मेसिन जडान गरेको छ ।

दुर्गम क्षेत्रमा सुरक्षित प्रसुति सेवाको आवश्यकतालाई मध्यनजर गर्दै बैंकले आफ्ना शाखा नभएका यी स्थानहरुमा पनि बेबी वार्मर प्रदान गरेको हो ।

ज्योति विकास बैंकको पहलमा बैतडी जिल्लाको दोगडाकेदार गाउँपालिका स्थित श्रीकोट हेल्थ पोस्टमा बेबी वार्मर जडान गरिएको छ । साथै, दार्चुला जिल्लाको लेकम नगरपालिका वडा नं. ०२, शर्मौली अवस्थित शर्मौली हेल्थ पोस्ट र अपिहिमाल गाउँपालिका वडा नं. ०५, सौगन्नामा अवस्थित सौगन्ना आधारभूत स्वास्थ्य केन्द्रमा पनि बेबी वार्मर जडान गरिएको छ ।

यसका अतिरिक्त, बैंकले बाजुरा जिल्लाको बुढीगंगा नगरपालिका वडा नं. ०२, ब्रह्मटोल अवस्थित ब्रह्मटोल हेल्थ पोस्टमा पनि बेबी वार्मर जडान गरेको छ । बुढीगंगा नगरपालिकाकै पहिलो बेबी वार्मरले उक्त क्षेत्रको प्रसुति सेवामा थप सहजता पुग्ने भएकाले सम्बन्धित निकायहरु पनि थप उत्साहित भएका छन् ।

विभिन्न कार्यक्रमहरु मार्फत बैंकका मार्केटिङ्ग, ब्रान्डिङ्ग तथा डिपोजिट सेल्स विभाग प्रमुख कुशल जंग अधिकारीद्वारा उक्त स्वास्थ्य चौकीहरुका पदाधिकारी लगायत सम्बन्धित क्षेत्रका विभिन्न पदाधिकारीहरुको उपस्थितिका बीच सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरिएको हो ।




साथै, सोही अवसरमा अस्पतालका डाक्टर, नर्स लगायत सम्बन्धित कर्मचारीहरुलाई विज्ञ मार्फत बेबी वार्मर सञ्चालन सम्बन्धी विशेष तालिम पनि प्रदान गरिएको थियो ।

# भिजिबिलिटी कम हुँदा डाइभर्ट भएका जहाज फर्किँदै

काठमाडौं- काठमाडौंमा 'भिजिबिलिटी' कम भएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय तर्फको अवतरण प्रभावित भएको छ ।

सोमबार बिहान ९ बजे देखि १० बजेको अन्तरालमा अवतरणका लागि आएका एयर इण्डियाका दुई वटा, जजिरा र फ्लाई दुबईको एउटा जहाज 'डाइभर्ट' भएका विमानस्थल प्रवक्ता रिन्जी शेर्पाले बताए ।

उनका अनुसार ती वायुसेवाले आफ्नो मापदण्ड अनुसार भिजिबिलिटी कम भएको जनाउँदै बनारस र भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा 'डाइभर्ट' भएका थिए । जजिरा र एयर इण्डियाको जहाज बनारसतर्फ र फ्लाई दुबईको जहाज भैरहवामा 'डाइभर्ट' गरिएको उनले जानकारी दिए ।

यतिखेर भिजिबिलिटी ३००० मिटर कायम भएसँगै बनारस 'डाइभर्ट' भएको एयर इण्डियाको जहाज अवतरण भइसकेको उनले जानकारी दिए । अन्य जहाज पुनः काठमाडौं आउने तयारीमा रहेको छ ।

**टर्किस र कतारले गरेका थिए अवतरण**

बिहान ३ वटा वायुसेवाले भिजिबिलिटी कम भएको



भन्दै आफ्नो उडान डाइभर्ट गरे पनि टर्किस र कतारको विमान भने अवतरण भएको थियो ।

'जहाजको स्पिडअनुसार भिजिबिलिटी कायम गरिएको हुन्छ । कतिपय वायुसेवाले हाइ स्ट्याण्ड राखेका हुन्छन्,' उनले भने,'कतार र टर्किसले आफ्नो सेटलाइट बेस रही आफ्नो प्रावधानअनुसार अवतरण गरेका हुन् ।'

उनका अनुसार बिहान विमानस्थलमा १६०० मिटर भिजिबिलिटी कायम भएको थियो । जसका कारण आन्तरिक उडान अवतरणमा कुनै प्रभाव परेको थिएन ।

# ग्लोबल आइएमई बैंक र आईएफसीबिच डिजिटल ट्रान्सफरमेशन तथा एम्बेडेड फाइनान्स एडभाइजरी साझेदारी




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेड र अन्तर ाष्ट्रिय वित्त निगम (आईएफसी) बिच डिजिटल वित्तीय सेवा तथा एम्बेडेड फाइनान्स मोडलहरु अगाडि बढाउन एड्भाइजरी सेवा उपलब्ध गराउने सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौतामा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र आईएफसीको तर्फबाट एफआईजी, एशिया र प्यासिफिक रिजनल इन्ड्रष्टी डाइरेक्टर एलेन फोर्लेमुले हस्ताक्षर गर्नुभएको छ ।

यस सम्झौताअनुसार, विश्व बैंक समुहअन्तर्गत रहेको आईएफसीले ग्लोबल आइएमई बैंकको डिजिटल रुपान्तरण तथा डाटा म्याचुरिटि मूल्यांकन गर्ने, सुधार गर्न आवश्यक रहेका क्षेत्रहरु पहिचान गर्ने र बैंकको डिजिटल बैंकिङ क्षमता अभिवृद्धि गर्नका लागि रणनीतिक सुझाव प्रदान गर्नेछ ।

साथै, आईएफसीले एम्बेडेड फाइनान्स मोडेलहरु प्रवर्द्धन गर्न फिनटेकको सम्भाव्यता अध्ययन गरी ग्लोबल आइएमई बैंकलाई सल्लाह प्रदान गर्नेछ ।

यस समझदारीपश्चात् बैंकमा उपलब्ध विभिन्न सेवा तथा सुविधाहरुलाई रुपान्तरण गरी नवीन र प्रविधीमैत्री सेवाहरु विकास गर्न सहज हुने विश्वास बैंकले लिएको छ ।

ग्लोबल आइएमई बैंकले आफ्नो ग्राहकहरुलाई अन्तर ाष्ट्रिय स्तरको डिजिटल बैंकिग सेवा प्रदान गर्न प्रतिबद्ध रहेको जानकारी दिदै यस सम्झौताले बैंकको डिजिटल बैंकिङको प्रवर्द्धनमा सहयोग पुग्नुका साथै फिनटेकमा नयाँनयाँ विकास र प्रयोग गर्न सहयोग पुग्ने बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले बताउनुभयो ।

उहाँले डिजिटल बैंकिङ र फिनटेक साझेदारीमा आईएफसीले विश्वभरीबाट आर्जन गरेको ज्ञान र अनुभवले नेपालको बैंकिङ क्षेत्रलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५५ शाखा कार्यालय, ३८५ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट् यान्स भित्र्याउने काम गर्दै आएको छ ।

विश्व बैंक समूहको सदस्य संस्था आईएफसीले विकासशील देशहरुमा निजी क्षेत्रको प्रवर्द्धन र विकास, आर्थिक वृद्धि र गरिबी न्यूनीकरणमा काम गर्छ ।

# पर्यटन क्षेत्रमा सिजनकै मुखमा धक्का, विदेशीले गर्न थाले नेपाल भ्रमणको बुकिङ धमाधम रद्द



काठमाडौं- राजावादीले चैत १५ गते हिंसात्मक प्रदर्शन गरेपछि त्यसले सिजनको मुखमै पर्यटन क्षेत्रमा धक्का लागेको छ ।

व्यवसायीहरुका अनुसार नेपाल भ्रमणका लागि होटल, ट्राभल, ट्रेकिङ बुकिङ गरेका पर्यटकहरुले धमाधम रद्द गर्न थालेका छन् । नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले शुक्रबारको प्रदर्शनको नकारात्मक सन्देश विश्वभर पुगेको बताए ।

'प्रदर्शनका क्रममा भएको तोडफोड र आगजनीले विश्वभर नै नकारात्मक सन्देश गएको छ,' उनले भने, 'नेपाल आउनका लागि यसअघि बुकिङ गराएका पर्यटक त्रसित देखिएका छन् । उनीहरुले नेपालको अवस्थालाई देखाएर धमाधम बुकिङ रद्द गर्न थालेका छन् ।'

राजावादीको प्रदर्शनका क्रममा २ जनाको ज्यान गएको थियो । प्रदर्शनकारीले तोडफोड, आगजनी र लुटपाट गरेका थिए । यसले पर्यटकहरुमा नेपाल सुरक्षित छैन भन्ने सन्देश गएको व्यवसायीहरुको भनाइ छ ।

अष्ट्रेलियाले आफ्ना नागरिकलाई नेपाल भ्रमण नगर्न ट्राभल एडभाइजरी नै जारी गरेको छ ।

होटल संघ नेपाल (हान)का अध्यक्ष विनायक शाहले पनि होटलमा पर्यटकहरुले बुकिङ रद्द गर्न थालेको बताए । 'पर्यटन क्षेत्र आफैंमा अति संवेदनशील क्षेत्र हो । सानो बस दुर्घटना हुँदा त प्रभाव पर्छ । अस्तिको घटनालाई लिएर पर्यटकहरु डराएका छन् । यस्तो बेला नेपाल भ्रमण गर्दा जोखिम हुने भन्दै उनीहरुबाट क्यान्सिलेसन आउन थालेको छ,' शाहले भने ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपालका अध्यक्ष सागर पाण्डेले पर्यटकहरुबाट नेपालको अवस्थालाई लिएर धमाधम इन्क्वाइरी आइरहेको जानकारी दिए । 'पर्यटकहरुबाट इन्क्वाइरी बढेको छ । केहीले बुकिङ रद्द गरेका छन्,' उनले भने ।

पर्यटकहरुले नेपाल भ्रमणको योजना रद्द गर्न थालेकाले यस्तो बेला पर्यटन बोर्डले आफ्नो भूमिका देखाउनुपर्ने व्यवसायीहरुको भनाइ छ । अन्यथा पर्यटन क्षेत्र चौपट हुने डर उनीहरुमा छ । 'एक त हवाई भाडादर महङ्गो छ । फेरि सिजनकै समयमा अराजक गतिविधि भइदियो,' होटल संघका अध्यक्ष शाहले भने, 'त्यसैले पर्यटन बोर्डले सकारात्मक सन्देश प्रवाह गर्न ढिलो गर्नु हुँदैन ।'

वायुसेवा सञ्चालक संघका अध्यक्ष मनोज कार्कीले पनि घुम्नका लागि नेपाल सुरक्षित रहेको सन्देश प्रवाह गर्नुपर्नेमा जोड दिए ।

राजावादीको प्रदर्शनका क्रममा चैत १५ गते ४५ मिनेट त्रिभुवन विमानस्थल नै ठप्प हुन पुगेको थियो । धुवाँका कारण जहाज आकाशमै होल्ड भएका थिए ।

पर्यटन बोर्डका निर्देशक मणि लामिछानेले शुक्रबारको आन्दोलनले लक्जरियस टुरमा आउने पर्यटक बढी प्रभावित हुने बताए । उनी पनि व्यवसायीहरु झैं सकारात्मक सन्देश दिन आवश्यक रहेकामा सहमत छन् ।

'शुक्रबारको हिंसात्मक प्रदर्शनले नकारात्मक सन्देश गएको छ । पर्यटकहरु घुम्न आउनका लागि डराएका छन् । त्यसैले अब पर्यटन क्षेत्रले यो विषयमा सकारात्मक सन्देश प्रवाह गर्न आवश्यक छ,' उनले भने ।

# महालक्ष्मी विकास बैंकको भैरहवा शाखाबाट सुनकर्जा सेवाको शुभारम्भ

काठमाडौं- महालक्ष्मी विकास बैंक लि. ले भैरहवा शाखामा आयोजित एक विशेष कार्यक्रमका बीच बैंकका सञ्चालक राहुल अग्रवालको प्रमुख आतिथ्यतामा र प्रदेश प्रमुख तथा शाखा प्रबन्धकको उपस्थितिमा उक्त सेवा शुभारम्भ गरिएको छ ।

बैंकले आफ्ना ग्राहकहरूलाई अझै सहज, छिटो छरितो र भरपर्दो सेवा प्रदान गर्ने उद्देश्यले सुन कर्जा सेवा प्रारम्भ गरेको छ । ग्राहकहरूले न्यूनतम ब्याजदर, छिटो प्रक्रिया तथा सहज सुविधाका साथ भैरहवा शाखाबाट सुन कर्जा प्राप्त गर्न सक्नुहुनेछ ।

बैंकले सदैव ग्राहकहरूको आवश्यकता अनुरूप नवीनतम वित्तीय सेवाहरू » बाकी ६ पृष्ठमा

# खेलकुद

## एनएसएल : चितवनसँग पोखरा पराजित



काठमाडौँ – नेपाल सुपर लिग (एनएसएल) फुटबल प्रतियोगिताअन्तर्गत चैत्र १८गते भएको खेलमा चितवन एफसीले जित हासिल गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा चितवन पोखरा थन्डर्सलाई २-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। चितवनको जितमा नोडिर माभलोनोभ र निरज चौधरीले समान एक-एक गोल गरे।

चितवनका माभलोनोभले खेलको १५औँ मिनेटमा गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए। यस्तै, खेलको दोस्रो हाफको अतिरिक्त समयमा नीरज चौधरीले गोल गरे।

यस जितसँगै चितवनले ३ अङ्क जोड्यो। जारी सिजनमा जित निकाल्ने चितवन पहिलो टिम हो। यसअघि भएका दुई खेल बराबरीमा सकिएका थिए। भोलि बुटवल लुम्बिनी र धनगढी एफसीबीच प्रतिस्पर्धा हुनेछ।

## प्रकाश थापा स्मृति कप भलिबलको उपाधि षडानन्दलाई




**धनकुटा–** धनकुटाको सहिदभूमि गाउँपालिका-१ स्थित घँगरुमा सञ्चालन भएको पाँचौं सहिद प्रकाश थापा स्मृति कप अन्तरपालिका भलिबल प्रतियोगिताको उपाधि भोजपुरको षडानन्द नगरपालिकाले प्राप्त गरेको छ।

फाइनलमा षडानन्दले बेलबारी नगरपालिकालाई पराजित गर्दै उपाधि चुमेको हो। बेलबारीलाई २५-१८, २५-२१, २२-२५ र २५-२१ सेटमा षडानन्दले सहज जीत हात पार्‍यो। विजेता षडानन्दले १ लाख २१ हजार र उपविजेता बेलबारीले ६५ मा चित्त बुझायो। नगदसहित दुवै टिमलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरियो। विजेत तथा उपविजेता टिम तथा खेलाडीलाई सहिदभूमि गाउँपालिकाका अध्यक्ष मनोज राईले पुरस्कार प्रदान गरे।

सशस्त्र युद्धका बेला २०५७ सालमा नेपाल प्रहरीका सहायक निरीक्षक रहेका बेला कालिकोटमा हत्या गरिएका प्रकाश थापाको प्रतियोगिता सञ्चालन हुँदै आएको छ। सहिद प्रकाश थापा स्मृति अन्तरपालिका स्तरीय भलिबल प्रतियोगिता सञ्चालन हुँदै आएको आयोजक संस्थाका सचिव अर्जुन थापाले जानकारी दिए। पाँचौं प्रतियोगितामा कोशी प्रदेशका विभिन्न ६ पालिका सहभागी थिए।

## रेसुङ्गा विमानस्थलबाट ३ महिनापछि फेरि सुरु भयो उडान



रेसुङ्गा विमानस्थलबाट तीन महिनापछि पुनः उडान सुरु भएको छ। गत पुस ४ गतेबाट उडान हुन नसकेको विमानस्थलबाट सोमबारदेखि उडान सुरु गरिएको स्टेशन प्रमुख सुमन थापाले जानकारी दिए।

सोमबार काठमाडौंबाट रेसुङ्गाका लागि १४ जना र रेसुङ्गाबाट काठमाडौंका लागि ४ जना सवार रहेको थापाले बताए।

नेपाल एयरलायन्सको विमान मर्मतका कारण लामो समयसम्म नियमित उडान हुन सकेको थिएन। पहिले साताको एक दिन शुक्रबार मात्रै उडान भर्दै आएको विमानले यात्रुको चाप बढेपछि साप्ताहिक तीन उडानको अनुमति पाएको थियो।

वर्षायाम सुरु भएपछि पछिल्लो समय साताको एक दिन शुक्रबार मात्रै उडान गर्ने गरी कार्यतालिका रहेको थियो।

अहिले पुनः यात्रुहरुको चापलाई मध्यनजर गर्दै हप्ताको ऋकबार र बुधबार दुई दिन उडान गर्ने कार्यतालिका रहेको छ। हाल गुल्मीबाट काठमाडौंका लागि ७ हजार ३०० र काठमाडौंबाट गुल्मीका लागि ७ हजार ५०० रुपैयाँ भाडा निर्धारण गरिएको छ।

काठमाडौंबाट बिहान ६ बजेर ३० मिनेट र रेसुङगाबाट काठमाडौंका लागि बिहान ७ बजेर ४५ मिनेटमा उडान हुने गर्दछ। हवाई यात्रामा गुल्मी जोडिएसँगै पछिल्लो समय जिल्लाका पर्यटकीय स्थलमा अन्तराष्ट्रिय पर्यटन भित्रिन थालेका छन्।

गुल्मीको ऐतिहासिक, धार्मीक तथा पर्यटकीय स्थल रेसुङ्गा, धुर्कोटको बिचित्र गुफा, चन्द्रकोटको टिमुरे ताल र रुरुक्षेत्र घुम्न जान थालेका हुन्। विमानस्थलबाट गुल्मीका धैरै जसो वृद्ध, बिरामी, सुत्केरीलगायतका नागरिकले सेवा लिने गरेका छन्।

## ज्ञानेन्द्रप्रति प्रधानमन्त्रीको टिप्पणी रेकर्डबाट हटाउन राप्रपाको माग

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्दैगर्दा प्रयोग गरेका शब्दप्रति राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले नियमापत्ति गरेको छ।

राप्रपा सांसद ज्ञानेन्द्रबहादुर शाहीले गत २५ फागुनमा पूर्वराजा ज्ञानेन्द्र शाहलाई विमानस्थलमा स्वागत गरेको विषयलाई 'कथित' भनेको भन्दै आपत्ति जनाएका हुन्।

'प्रधानमन्त्रीले बोल्दै गर्दा संसद्को नियमावली नियम २१ को होच्याउने, असंसदीय भाषा प्रयोग गर्नुभयो। यो संसद्को रेकर्डबाट हटाइयोस्,' उनले भने, 'एयरपोर्टमा स्वागत गरिएको विषयलाई उहाँले कथित बनाउनुभयो।'





उक्त विषय संसद्को रेकर्डबाट हटाउन उनले आग्रह गरेका छन्। साथै, प्रधानमन्त्रीबाट होच्याउने काम भएको पनि जिकिर गरेका छन्।

त्यसबारे सभामुख देवराज घिमिरेले ध्यानाकर्षण भएको जानकारी संसद्लाई गराएका छन्।

## राजावादी आन्दोलन भाँडिएपछि निजी सम्पत्तिमा खुलेआम लुट

काठमाडौं- शुक्रबारको घटनापछि तीनकुने क्षेत्रमा अहिले चहलपहल बढे पनि व्यवसायी र स्थानीय त्रसित देखिन्छन्। अग्ला सिसाका घर, सटर, रेस्टुरेन्ट, विभिन्न कार्यालय तोडफोड भएको, आगजनी भएको दृश्यको फोटो लिनेदेखि घटनाबारे जिज्ञासा राख्नेको ठूलै जमात तीनकुनेमा देखिन्छन्।

काठमाडौंको प्रमुख केन्द्रमध्ये एक बागमती पुलदेखि तीनकुने हुँदै एयरपोर्टतर्फ जाने सडकमा धेरै क्षति पुगेको छ भने कोटेश्वरबाट तीनकुने बागमती पुलतर्फ आउने सडकमा पनि क्षति पुगेको छ।

ठूला भवन र सिसा रहेको भवन अधिकांशमा राजावादी प्रदर्शनकारीले ढुंगा हान्दा फुटेको छ। तीनकुनेको मार्बल हाउस, बीएमडब्लू र हुन्डाईको शोरुम मात्र होइन, विभिन्न रेस्टुरेन्टका सिसा फुटाइएको छ।

आइतबार अनलाइनखबर टोली स्थलगत अवलोकनमा जाँदा अधिकांश भवनमा सरसफाइ चलिरहेको थियो। केही घरबाट १० बोरासम्म फुटेका सिसा बाहिर ल्याएर थुपारेको भेटिन्छन्। धेरै सटर आज पनि बन्द अवस्थामा छन्।

तीनकुनेमा शुक्रबार रोयल लाउन्ज एन्ड क्याफे चलाइरहेका गणेश ढकाल अन्य समयभन्दा धेरै व्यापार गर्ने लक्ष्यमा थिए। तीनकुनेमा शान्तिपूर्ण प्रदर्शन हुँदा उनको रेस्टुरेन्ट अन्य बेलाभन्दा बढी चल्थ्यो।

शुक्रबारको अपेक्षा पनि त्यही थियो, तर नतिजा ठिक विपरीत आयो। उनको लाउन्जमा मात्रै १ करोडभन्दा बढीको क्षति भयो।

'हाम्रो सटर राखेर चलाउने रेस्टुरेन्ट होइन, टफेन ग्लास राखेको हो। अहिले एउटा पनि सिसा बाँकी छैन,' ढकालले भने।

उनले रेस्टुरेन्टमा रहेको कफी बनाउने मेसिन, भान्साका सामान, कुर्सी, टेबुल सबै तोडफोड भएको बताए। उनले सीसी क्यामरा फुटाएर आइसक्रिम लुटेर फ्रिज तोडफोड गरेको बताए।

'हामीले झन् व्यवस्थित गरौं भनेर लगानी थपेर राम्रो लाउन्ज बनाएका थियौं। सबै ध्वस्त भयो। न हामी पक्ष थियौं न विपक्षमा, यत्तिकै हामी चेपुवामा पर्‍यौं,' गहभरि आँसु पार्दै उनले भने, 'अब हामीले क्षतिपूर्ति त माग गर्नैपर्छ तर कोसँग माग गर्ने, कसले दिने ? आफ्नो काम चुपचाप गरिरहने मान्छेलाई त साह्रै गाह्रो भयो नि,' उनले भने।




आफूहरू पछाडि गेटबाट भाग्न सफल भएको भन्दै उनले केही ट्राफिक प्रहरीलाई कुकको ड्रेस लगाएर समेत जोगाएको बताए। उनको लाउन्ज छेउमा रहेको सानो खुद्रा पसलका वीरेन्द्र मगरले शुक्रबारको आन्दोलनपछि डरले आज मात्रै पसल खोलेको बताए।

'हामीले पानी, चाउचाउ, स-साना सामान बेच्छौं। शनिबार तीनकुने पार्कमा मान्छे बढी हुने भएर अलि धेरै सामान हालेको थियौं तर शुक्रबार नै त्यत्रो आन्दोलन भयो,' मगर थप्छन् ' हाम्रो सानो पसल भएर धेरै ढुंगामुढा भएन। तर पसलमाथिको जस्ताभरि ढुंगाका टुक्रा छन्। दुई दिन व्यापार बन्द भयो। अब फेरि आन्दोलन भयो भने हामीले त भाडा नै तिर्न सक्दैनौं,' उनले भने।

शुक्रबार पत्रकार सुरेश रजकको मृत्यु भएको घरसँगै जोडिएको घरमा एयर म्याक्स कुरियर कम्पनीमा काम गर्ने अमित कुटु मृत्युको मुखबाट बाँचेको बताउँछन्।

'सुरुमा आन्दोलन नै भएको थिएन, एक्कासि मान्छे भागाभाग गर्न थाले, अश्रुग्यास हानिएको रहेछ। त्यसको केहीबेरमा त ढुंगामुढा सुरु भयो। हामी सटर तानेर बस्यौं,' उनले सुनाए।

सटर तानेर बसे पनि अश्रुग्यास र अर्को घरमा लागेको आगोको धुवाँले सास फेर्न गाह्रो भएको उनले सुनाए। 'हामी सटर खोलेको भए आन्दोलनकारीबाट कुरियरको सामान, पैसा जोगाउन सकिँदैन थियो। हामी इन्टरनेसनल कुरियर पनि गर्ने भएर झन् महत्त्वपूर्ण सामान थियो,' उनले भने, 'सटरमा ढुंगा बजिरहेको थियो। हामी भित्रबाट सटर थिचेर बसिरहेका थियौं। सम्झिँदा पनि डर लाग्छ।'

उनका अनुसार केही मान्छे त आन्दोलन भनेर लुट्न आएको नै थिए। सटर लगाएर बसेपछि माथि रहेको सहकारीको ल्यापटप, घडी चोर्न पनि भ्याए। धेरै आन्दोलनकारीले लुट्न आएको जस्तो पो गरे।

उनले भने जस्तै तीनकुनेको विराट सहकारीमा राजावादी आन्दोलनमा आउनेले ल्यापटप सहित अन्य सामाग्री लुटेका थिए।

'उनीहरूले के-के लुट्न मिल्छ सबै लुटे। धेरैले मुखमा रुमाल बाँधेका थिए। उनीहरू राजनीतिक दलका कार्यकर्ता जस्तो देखिएका थिएनन्,' एक प्रत्यक्षदर्शीले भने।

तीनकुनेमा आइसक्रिम, कोल्ड कफी पसल चलाउने सरोज रौनियार पनि शुक्रबारको घटना कहालीलाग्दो भएको बताउँछन्।

'तीनकुनेमा हाम्रो जस्तो पसल शनिबार नै धेरै चल्छ, अरू बेला यहाँ हुने प्रदर्शनले पनि फाइदा हुने गर्थ्यो तर अस्ति त पसल छाडेर ज्यान जोगाउन तिर लाग्नुपर्‍यो,' रौनियार भन्छन्।

उनी वैदेशिक रोजगारीमा दुःख पाएर आएपछि कोल्ड कफी पसल चलाइरहेका छन्। 'नेपालमा अब आफैं केही गर्छु भनेर आएको दुई वर्ष भयो, अब यस्तै आन्दोलन भइरह्यो भने फेरि विदेश जानुको विकल्प नै छैन,' उनले भने, 'हामी व्यापार गर्ने मान्छेसँग राजावादीलाई के रिस भयो होला ? आएर सटरमा लात्ताले हानेका छन्। बत्ती फुटाइदिएका छन्। अब कसलाई के भन्नु, बोल्यो भने फेरि भोलि पसल नै आगो लगाइदिने हुन् कि भन्ने डर छ।'-

## सञ्चारमाध्यमलाई निसाना बनाउनेलाई कारबाही गर्छौं : गृहमन्त्री लेखक



काठमाडौं- गृहमन्त्री रमेश लेखकले आम सञ्चार माध्यम र पत्रकारलाई निसाना बनाउनेहरूलाई कारबाही गर्ने बताएका छन्।

१५ गते राजावादीको आन्दोलनका क्रममा मिडियालाई निसाना बनाइएको भन्दै ध्यानाकर्षण पत्र बुझाउन गएको नेपाल पत्रकार महासंघको टोलीसँग गृहमन्त्री लेखकले यो प्रतिबद्धता गरेका हुन्।

सोमबार महासचिव रामप्रसाद दाहालसहित महासंघको ८ जनाको संयुक्त घटनाको सत्यतथ्य छानबिन गरी आवश्यक कारबाही गर्न गृहमन्त्री लेखकलाई ध्यानाकर्षण पत्र बुझाउन पुगेको थियो।

हिंसात्मक प्रदर्शनका क्रममा सञ्चारकर्मी रहेको घरमा आगजानी गर्ने, एवम् संचार गृहमा र सञ्चारकर्मीलाई निसाना बनाएको विषयमा सरकारले सत्यतथ्य छानबिन गरी घटनाका दोषीलाई कारबाही गरिने गृहमन्त्री लेखकले बताए।

यसैगरी उक्त घटनाबाट ज्यान गुमाएका पत्रकार सुरेश रजक र अन्य घाइते पत्रकार हरुको विषयमा सरकार गम्भीर भएको र उक्त विषयमा के गर्न सकिन्छ भन्ने विषयमा सरकार लागिरहेको उनको भनाइ छ।

ध्यानाकर्षण बुझ्दै गृहमन्त्री लेखकले उक्त घटना अराजक, हिंस्रक एवम् सिद्धान्तविनाको भिडले गरेको बताउँदै उक्त विषयमा सरकार गम्भीर भएको बताए। 'तिनकुनेमा भएको अराजक भिडको कुनै निश्चित वाद, सिद्धान्त केही पनि थिएन, मात्रै अपराधिक कार्य गर्ने निश्चित उदेश्य थियो, लक्ष्य थियो', गृहमन्त्री लेखकले भने, 'विध्वशं मच्चाउने झुण्डले उग्रता देखायो, त्यसको मार पत्रकारलाई पर्न गएको छ, यस विषयमा नेपाल सरकार गम्भिर छ।'

# ममाथि सरकारको षड्यन्त्रको सिलसिला रोकिएको छैन : लामिछाने

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफूमाथि सरकारले थालेको षड्यन्त्रको सिलसिला नरोकिएको बताएका छन् ।

पार्टी केन्द्रीय समितिको बैठकमा सहभागी हुन पार्टी कार्यालय पुगेका लामिछानेले समर्थकहरूलाई सम्बोधन गर्दै सरकारले अहिले पनि आफूमाथि षड्यन्त्र गरिरहेको बताएका हुन् ।

'पाँच महिनाअघि सरकारले जबरजस्ती झुठा मुद्दा लगाएर यहींबाट उठाएर लगेको थियो । सरकारको षड् यन्त्रको सिलशिला सकिएको छैन,' उनले भने, 'तर म जुनसुकै परिस्थितिको सामना गर्न तयार छु ।'

भ्रष्टाचारमा चुर्लुम्म डुबेकाहरूले आफूलाई जोगाउन वर्तमान सरकार गठन गरेको बताएका उनले कांग्रेस एमाले मिलेर सरकार बनाउँदा संसद्मा बलियो सशक्त सरकार बन्ने सम्भावना अन्त्य भएको चर्चा गरे ।

'बलियो सरकार बनाउने सम्भावना कांग्रेस-एमालेले समाप्त गरे । राम्रो गर्नलाई होइन, आफूलाई बचाउन यिनले सरकार बनाएका हुन्,' उनले भने ।

सरकारले आफ्नो टाउकोमा तरबार झुन्ड्याएर तह लगाउन खोजे पनि आफू नलग्ने उनको भनाइ थियो


फाइल तस्वीर

। 'सरकारलाई लागेको होला टाउकोमा तरबार झुन्ड् यायो भने यो डराउँछ । तर, म जुन सुकै परिस्थितिसँग जुध्न तयार छु । सरकारले मेरो शीरमाथि राखेको तरबार खसालोस्, म लड्न तयार छु,' उनले भने, 'लुटतन्त्रलाई टुलुटुलु हेरेर बस्ने लाक्षी मान्छे म होइन ।'

म आगो कहाँ बल्ला र तापौंला भनेर बसेको मान्छे होइन, जनतामा आक्रोश आएको छ । त्यसलाई चिनुपर्ने छ, बदलनुपर्नेछ ।

हामीले घण्टी बजायौं । २१ जना संसदनमा आएपछि सच्चिए होलान् भन्ने लागेको थियो, तर यिनीहरुले चेतेनन् ।

# सञ्चारमन्त्री गुरुङले संसद्मा मागे माफी



काठमाडौं- सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले आफ्नो अभिव्यक्ति शैली सच्याउने प्रतिबद्धता जनाउँदै माफी मागेका छन् ।

सोमबार राष्ट्रिय सभाको बैठकमा बोल्दै उनले आफ्नो अभिव्यक्तिका कारण सांसदहरूको मनमा चोट परेको भए क्षमा माग्दै आगामी दिनमा शैली सच्याउने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

'विगतको छलफलमा मैले जेजे शब्दहरू प्रयोग गरेँ, उखान टुक्का हालेँ, जेजे बिम्बहरू प्रयोग गरेँ, त्यसले तपाईंहरूको भावनामा साह्रै चोट पुग्यो भने फिल भयो,' गुरुङले अघि भनेका छन्, 'तपाईंहरू सबैले बोल्दा । मेरो यो शैलीले गर्दा तपाईंहरूलाई चोट लागेछ भने म आफ्नो शैली सच्याउने प्रतिबद्धता जाहेर गर्दछु ।'

आफूले कसैलाई होच्याउनका लागि अभिव्यक्ति नदिएको भन्दै आफ्नो जिब्रो सोझो रहेको र एग्रेसिप लजिकमा विश्वास गर्ने शैली आफ्नो रहेको जिकिर गरे ।

'एउटा कुरा मैले आज बोल्नैपर्ने भएको छ । मेरो जिब्रो सोझो छ । सिधा छ । घुमाउरो छैन । म फेरि एग्रेसिप लोजिकमा विश्वास गर्छु । शैलीका हिसावले पनि । मैले कुनै मान्यको अपमान गर्ने ढंगले बोलेको पनि थिएन । मेरो मनमा एक प्रतिशत पनि छैन,' उनले भनेका छन् ।

मन्त्री गुरुङले यसअघिको राष्ट्रिय सभा बैठकमा सांसदहरूलाई होच्याउने किसिमले अभिव्यक्ति दिएको भन्दै आलोचना भएको थियो ।

पृष्ठ १ बाट जारी

**कुलमान...**

सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उनीहरूले सरकारको निर्णय अन्यायपूर्ण रहेको जिकिर गर्दै न्यायिक पुनरावलोकनको माग गरेका छन् ।

सरकारका तर्फबाट पेस हुने लिखित जवाफपछि मुद्दाले अन्तरिम आदेशबारे निर्णय हुनेछ ।

पृष्ठ १ बाट जारी

**पानस हर्वल...**

कम्नीका प्रबन्ध निर्देशक एन.के भुषालले भने 'हाम्रा प्रोडक्टहरुको ग्राहक प्रतिक्रिया राम्रो छ । हामी औषधी ब्यवस्था विभागमा दर्ता भएको कम्पनी पनि हौं । हामी ती प्रोडक्टहरुको बृहत उत्पादनमा अब जान्छौं' ।

पानसको मसाज वयल पनि बजारमा त्यत्तिकै लोकप्रिय रहेको छ । जसले शरिरको सम्पुर्ण जोर्नी दुखाइ, बाथरोगको दुखाइ, युरिक एसिडको दुखाई, मासंपेशीको दुखाई, नसाा झमझम गर्ने समस्या लगायतमा महत्वपुर्ण काम गर्दै आएको छ । शरिरका धेरै समस्याहरुमा मसाज वयल फलदायी हुने भुसालले बताए ।

यस कम्पनीको उत्पादन बाँके जिल्लाबाट हुँदै आएको छ भने बजार प्रबद्धनको काम चाबहीलमा रहेको कर्पोरेट कार्यालयबाट हुँदै आइरहेको प्रबन्ध निर्देशक भुसालले बताए ।


## नागार्जुन नगरपालिका
## नगर कार्यपालिकाको कार्यलय
## नगरवासीहरूमा अनुरोध

- नागार्जुन नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्दा भवन निर्माण आचार संहिता २०७२ र नगरपालिकाको मापदण्ड बमोजिम मात्र गर्ने गरौं ।
- मापदण्ड विपरित निर्माण कार्य आफू पनि नगरौं र अरुलाई पनि गर्न नदिऔं ।
- नागार्जुन नगरपालिकालाई व्यवस्थित र सुन्दर शहर बनाऔं ।
- आफ्नो कम्पाउण्ड भित्र कम्तीमा एक रुख अनिवार्य रोपौं ।
- हरेक निवासमा कम्तीमा एम्वुलेन्स र दमकल जाने गरी बाटोको मापदण्ड प्रयोग गरौं ।
- भवन निर्माण गर्दा सेफ्टी ट्याक्ती अनिवार्य रुपमा बनाऔं । खुल्ला नाली तथा खोलामा शौचालयको पाईप नछोडौं ।
- आफ्नो टोल छिमेकलिाई प्रतिकूल असर हुने गरी भवन निर्माण नगरौं ।
- भवन निर्माण गर्दा सार्वजनिक बाटो, पर्ती जग्गा, वन, खोला, पाटी पौवा, मन्दिर लगायत अन्य सार्वजनिक सम्पत्तिका जग्गा अतिक्रमण नगरौं ।
- कमशल निर्माण सामाग्री प्रयोग गरी भवन निर्माण नगरौं ।
- भूकम्पीय जोखिम प्रतिरोधात्मक भवन निर्माण गरौं ।
- आवश्यक जानकारीको लागि नगरपालिका कार्यालयमा सम्पर्क गरौं ।
- प्राकेतिक श्रोत साधानको संरक्षण र संम्बर्द्धन गरौं ।

सम्पर्क नं. ०१५६७७१७

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


अन्तराष्ट्रिय

# ले पेन आर्थिक हिनामिनामा दोषी ठहर

पेरिस- फ्रान्सको एक अदालतले चरम दक्षिणपन्थी दल नेशनल र्‍याली (आरएन) की नेतृ मरिन ले पेनलाई आर्थिक हिनामिनाको मुद्दामा दोषी ठहर गर्दै पाँच वर्षका लागि सार्वजनिक पदमा प्रतिबन्ध लगाएको छ ।

उनले सन् २०२७ मा हुने राष्ट्रपतीय चुनावमा प्रतिस्पर्धा गर्न नपाउने भएकी छन् । अदालतको निर्णयसँगै फ्रान्सको राष्ट्रपति बन्ने उनको चौथो प्रयास पनि असफल हुने निश्चित भएको छ । यसअघि उनले सन् २०१२, २०१७ र २०२२ मा फ्रान्सको राष्ट्रपतीय चुनावमा प्रतिस्पर्धा गरेकी थिइन् ।

पेनलाई उनको दल आरएनलाई आर्थिक सहयोग गर्न युरोपेली कोष हिनामिना गरेको आरोपमा दोषी ठहर गरिएको हो । अदालतका अध्यक्ष बेनेडिक्टे डे पर्थुइसले ले पेनका कार्यहरू 'युरोपमा विशेषगरी फ्रान्समा लोकतान्त्रिक जीवनका नियमहरूमाथि गम्भीर र स्थायी आक्रमण' भएको बताएका छन् ।



अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूका अनुसार सुनुवाईका क्रममा अदालतमा उपस्थित ले पेन भने प्रतिबन्धको अवधि थाहा पाउनु अघि नै अदालतबाट बाहिरिएकी थिइन् । अभियोजकहरूले ले पेनलाई २०२७ को राष्ट्रपतीय चुनावमा उम्मेदवार हुनबाट रोक्न कम्तीमा ५ वर्षका लागि सार्वजनिक पदमा प्रतिबन्ध लगाउनुपर्ने माग गरेका थिए ।

# म्यानमारमा भूकम्पपछि पनि हवाई आक्रमण जारी



मन्डाले- म्यानमारको जुन्ता सरकारको सेनाले देशमा भूकम्पपछिको विपद्मा पनि लोकतान्त्रिक समर्थक विद्रोहीमाथि हवाई आक्रमण जारी राखेको छ । संयुक्त राष्ट्र (यूएन)ले यस आक्रमणलाई 'अस्वीकार्य' बताएको छ ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमका अनुसार जुन्ता सेनाले गरेको आक्रमणमा सात जनाको मृत्यु भएको छ । भूकम्प गएको तीन घण्टा हुन नपाउँदै जुन्ता सेनाले आक्रमण गरेको स्थानीयले बताएका छन् ।

भूकम्पको केन्द्र सागाइङ्को चाङ्-यू टाउनशिपसहित अन्य स्थानमा आक्रमण गरेको छ । जुन्ता सेनाले म्यानमार-थाइल्यान्ड बोर्डर क्षेत्रमा पनि आक्रमण गरेको बताइएको छ ।

यता म्यानमारको मिलिट्री काउन्सिलले भूकम्पबाट मृत्यु हुनेको संख्या १६४४ पुगेको बताएको छ । घाइतेहरुको संख्या ३ हजार ४०८ पुगेको र १३९ जना बेपत्ता रहेको जानकारी दिएको छ ।

पृष्ठ १ बाट जारी

**पोखराबाट अपहरण...**

बसेकी ती महिलालाई लामाले अपहरण गरेको आरोप छ । पोखराबाट अपहरण गरेर उनलाई मकवानपुर लगेर बन्धक बनाइएको पाइएको कास्की प्रहरीले जनाएको छ ।

अपहरण गरेर बन्धक बनाउँदै ३ लाख फिरौती मागेपछि काठमाडौंस्थित अमेरिकन दूतावासले प्रहरीलाई खबर गरेको थियो । त्यसपछि प्रहरीले

उनलाई उद्धार गरेको हो । पक्राउ परेकी लामाविरुद्ध काठमाडौं जिल्ला अदालतबाट ७ दिनको म्याद लिएर अपहरण तथा शरीर बन्धकको कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

पृष्ठ १ बाट जारी

**पोखराबाट अपहरण...**

उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । सुन कर्जा सेवाले ग्राहकहरूलाई आपतकालीन वित्तीय आवश्यकताहरू पूरा गर्न सहयोग गर्नेछ । कम ब्याजदर, छरितो प्रक्रिया तथा सुरक्षित वित्तीय व्यवस्थापनको प्रतिवद्धतासहित यो सेवा भैरहवा शाखाबाट सुरु गरिएको छ । बैंकको यस सेवाले ग्राहकहरूको वित्तीय व्यवस्थापनलाई थप सहज बनाउने विश्वास व्यक्त गर्दै बैंकले भविष्यमा समेत ग्राहकहितमा केन्द्रीत रही बिभिन्न नविनतम्सेवाहरू उपलब्ध गराउने योजना रहेको छ । बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा समेत ल्याएका छौं ।

# सिटी एक्सप्रेसको '१८औं वर्षमा १८ गुणा, परिवारमा खुशी लाखौ गुणा' योजनाको उपहार हस्तान्तरण

काठमाडौं- सिटी एक्सप्रेस मनि ट्रान्सफरले काठमाडौं कमलादीस्थित आफ्नै कार्यलय भवनमा "१८औं वर्षमा १८ गुणा , परिवारमा खुशी लाखौ गुणा" योजनाको उपहार हस्तान्तरण कार्यक्रम सम्पन्न गरेको छ ।

कोरियाबाट निराजन ढकालले जि मनि ट्रान्स मार्फत यहाँ सिटी एक्सप्रेसमा आमा निर्मला तिवारीलाई रेमिटान्स पठाउदा "१८औं वर्षमा १८ गुणा , परिवारमा खुशी लाखौ गुणा" योजना अन्तर्गत आफुले पठाएको रकमको १८ गुणा गरी रु ७,५४,३६२ जित्न सफल भएका थिए र सोही रकम उन्की आमा निर्मला तिवारीलाई हस्तान्तरण गरिएको छ ।

उक्त कार्यक्रममा नेपाली चर्चीत हास्य कलाकार साथै सिटी एक्सप्रेस मनि ट्रान्सफरका ब्राण्ड एम्बेसडर जितु नेपालको उपस्थिती रहेको थियो । सोही योजना अन्तर्गत लक्की ड्र मार्फत हरेक महिना २ जनालाई सामसुङको स्मार्ट फोन, हरेक हप्ता २ जनालाई सामसुङको स्मार्ट टि भी साथै ९० दिन लगातार हरेक दिन १८ जना विजेताहरुलाई जनही रु ५०० को सिटी पे वालेट टप्अप्र अन्त्यमा एक जना भाग्यशाली बम्पर बिजेताले आफुले पठाएको रकमको १८ गुणा बढी रकम पाउने योजनामा रहेको थियो ।

जसअन्तर्गत १६२० जनाले दैनिक उपहार रु ५०० को वालेट टप् अप , २४ जनाले साप्ताहिक उपहार (सामसुङको स्मार्ट टि भी) र ६ जनाले मासिक उपहार




(सामसुङको स्मार्ट फोन ) जित्न सफल भईसकेका छन् ।

सोही कार्यक्रममा सिटी एक्सप्रेस मनि ट्रान्सफरले २०८२ सालको क्यालेन्डर पनि सार्वजनिक गरेको छ । हरेक बर्ष नयाँ नयाँ बिषय वस्तुलाई समावेश गरेर क्यालेन्डर प्रकाशन गर्ने सिटी एक्सप्रेसले यस बर्ष भने आर्थिक सम्बृद्धीको बिषय वस्तुमा क्यालेन्डर तयार पारेको छ ।

सिटी एक्सप्रेस मनि ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १८ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ ।

हालै सिटी एक्सप्रेस मनि ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ साथै सिटी पे बाट रेमिटेन्स भुक्तानी पनि गर्न सकिन्छ ।

# कलाकारितामा संघर्ष गर्दै अनिस बाशा



काठमाडौं- कलाकारिता क्षेत्र एक यस्तो यात्रा हो जहाँ थुप्रै व्यक्तिहरूको सपना र संघर्ष मिश्रित हुन्छ । धेरैलाई आफ्नो नाम र दाम कमाउने सपना हुन्छ, र केहीका लागि त्यो सपना साकार हुन्छ भने केहीका लागि भने त्यो सपना अधुरो नै रहन्छ । यसै सन्दर्भमा, धादिङ जिल्लामा जन्मेका नव गायक अनिस बाशाको यात्रा पनि संघर्ष र प्रयासले भरिपूर्ण छ । उनले लामो समयदेखि गीत संगीतमा आफ्नो भविष्य खोज्दै आएका छन् र त्यसको साथसाथै अभिनय पनि गरेका छन् ।

अनिस बाशाको संगीत र अभिनयको यात्रा एकदमै रोचक छ । उनका मिठा र सुरीला स्वरले संगीत प्रेमीहरूलाई लोभ्याउँछन् भने उनको अभिनय क्षमता पनि प्रशंसा योग्य छ । उनी संगीत र अभिनयको दुनियाँमा आफ्नो स्थान बनाउने प्रयासमा जुटेका छन् । यद्यपि, उनले अझै आफ्नो वास्तविक पहिचान बनाउन संघर्ष गरिरहेका छन्, तर उनको साहस र समर्पणले उनलाई अघि बढ्न प्रेरित गरिरहेको छ ।

धादिङ जिल्लाको ज्वालामुखी ७ चौनपुरमा जन्मिएका अनिस बाशा एक साधारण परिवारबाट आएका हुन् । उनका पिता सानु काजी घिमिरे र माता पिन कुमारी घिमिरेका कोखबाट जन्मेका अनिसको जीवन भने सदैव सामान्य थिएन । उनी संगीत र अभिनयको क्षेत्रमा भविष्य बनाउनको लागि कडा संघर्ष गर्दै आएका छन् ।

अनिस बाशाको यो संघर्षपूर्ण यात्रा धेरै कलाकारका लागि प्रेरणादायक बन्न सक्छ । एक समयको कुरा हो, जब उनी स्थानीय स्तरमा विभिन्न सांगीतिक कार्यक्रममा भाग लिएका थिए र आफ्नो आवाज र अभिनयको कौशललाई हाइलाइट गर्ने प्रयास गरिरहेका थिए । अहिले, उनले केही नेपाली चलचित्र र गीतमा अभिनय र गायन गरेका छन् र यसले उनलाई अझै थप प्रगति गर्ने उत्साह दिएको छ ।

उनको संगीत यात्रा यति सरल थिएन । अनिसको आवाजले थुप्रै कलाकारको क्यारिकेचर गर्ने क्षमता राख्दछ र उनले संगीतका विभिन्न शैलीहरूमा आफ्नो उपस्थितिलाई महसुस गराएका छन् । यद्यपि, संगीत र अभिनयको क्षेत्रमा आफ्नो भविष्यको मार्ग तय गर्न उनले थुप्रै चुनौतीहरूको सामना गर्नु परेको छ ।

आजकल, अनिस बाशा नेपाली संगीत र चलचित्र क्षेत्रमा आफ्नो स्थान बनाउन संघर्ष गर्दैछन् । उनका अनगिन्ती प्रयास र कडा मेहनतले उनलाई एक दिन सफल बनाउन सक्ने विश्वास रहेको छ । उनको जीवनको यो संघर्ष र यात्रा, विशेषगरी त्यस्ता कलाकारहरूको लागि प्रेरणा हो, जसले संघर्षका बीच आफूलाई पहिचान बनाउनको लागि निरन्तर प्रयास गर्दैछन् ।

अनिस बाशाको संघर्ष र सफलतासँगै, नेपाली सिनेमा र संगीतको भविष्यमा अझ नयाँ संभावनाहरू छन् । उनका आगामी परियोजनाहरू र योजनाहरूको बारेमा चासो र उत्सुकता थप बढ्दै गएको छ, र उनकासँग कलाकारिता क्षेत्रमा अझ ठूलो योगदान दिने आशा गरिएको छ । यसैगरी, अनिस बाशा आफ्नो यात्रा जारी राख्दै नेपाली कला र सांस्कृतिक क्षेत्रमा योगदान पुर्याउन निरन्तर अग्रसर छन् ।

# सुशान्तले गाएको “कर्मा”को “पागल” गीत सार्वजनिक



गायक सुशान्त केसीको स्वरमा रहेको फिल्म ‘कर्मा’को ‘पागल’ बोलको गीत सार्वजनिक गरिएको छ । गायक केसीकै युट्युब च्यानलबाट सोमबार सार्वजनिक गीतमा उनी स्वयंको शब्द तथा संगीत छ । उनले फिल्मका लागि पहिलो पटक गीत गाएका हुन् । केही दिनअघि गीतको टिजर सार्वजनिक भएदेखि यसको हुकलाइन ‘म पागल पागल जस्तै’ दर्शकमाझ लोकप्रिय बनिरहेको छ ।

फिल्मका मुख्य अभिनेता विपिन कार्की र अभिनेत्री उपासना सिंह ठकुरीमाथि फिल्मांकन गरिएको गीतको भिडियोमा गायक केसी पनि फिचर्ड छन् । विपिन र उपासनाबीचको प्रेमलाई भिडियोमा चित्रण गरिएको छ । एकले अर्काको आँखामा देखेको प्रेमको गहिराइलाई सुशान्तले गीतमा उतारेका छन् । गीतको शब्द तथा लय सुशान्तको आफ्नै फ्लेबरमा छ ।

नयाँ वर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा विपिन र उपासनासहित मुकुन भुसाल, दिब्यदेब, सरिता गिरी, बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मा लगायतको अभिनय छ । यसमा विपिन एक्सन भूमिकामा छन् । मुकुनलाई भने नकारात्मक भूमिकामा देख्न सकिनेछ ।

सौरभ चौधरीको निर्देशन तथा वसन्त लम्सालको लगानीमा तयार भएको ‘कर्मा’मा भाष्कर स्वाँरको संगीत निर्देशन, कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, निमेष श्रेष्ठको सम्पादन तथा उत्तम न्यौपानेको ब्याकग्राउन्ड स्कोर छ । यो फिल्ममा चर्चित गायक दुर्गेश थापाको पनि गीत समावेश गरिएको छ । उनको गीत अर्को साता सार्वजनिक गरिने जनाइएको छ ।

# जेठ ९ मा “नरसिंहा अवतार”, फर्स्टलुकमा यस्ता देखिए राजेश हमाल

दीवाकर भट्टराईको निर्देशनमा बनेको फिल्म ‘नरसिंहा अवतार’ आगामी जेठ ९ गतेबाट प्रदर्शनमा आउने भएको छ । सोमबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि फिल्मलाई चैत २९ गते प्रदर्शन गर्ने तयारीमा निर्माण टिम थियो । तर, उक्त मितिमा अरु दुई एक्सन फिल्म पनि आउने भएपछि ‘नरसिंहा अवतार’लाई २ महिना पछाडि सारिएको हो ।

नरसंहारको दृश्य समावेश पोस्टरमा अभिनेता राजेश हमाल चित्रित छन् । भूइँमा घाइते भएर लडेका एक व्यक्तिको छातीमाथि खुट्टा राखेर उभिएका उनको अनुहारमा रिसको आवेग देखिन्छ । भूइँभरि यत्रतत्र छरिएका लासहरू छन् । र, पृष्ठभूमिमा भगवान् विष्णुको चौंथो र उग्र अवतार मानिने नरसिंहाको क्रोधित तस्वीर राखिएको छ । यसबाट फिल्म पूर्ण एक्सनप्रधान रहेको प्रष्ट हुन्छ ।




‘नरसिंहा अवतार’ हमालको ८ वर्षपछिको कमब्याक फिल्म हो । यसैले पनि उनका लागि यो फिल्म विशेष छ । उनले यसपटक आफूलाई दर्शकले एकदमै फरक अवतारमा देख्न पाउने बताएका छन् । उनका अनुसार यो फिल्म दर्शकका लागि ठूलो सरप्राइज हुनेछ । छायांकनको क्रममा बाहिरिएका तस्वीर तथा भिडियोबाट उनी फिल्ममा प्रहरीको भूमिकामा रहेको खुलासा भैसकेको छ ।

फिल्ममा हमालसहित सरोज खनाल, राज कट्टुवाल, नीति शाह, सनिषा भट्टराई, उषा खड्गी, अर्जुन श्रेष्ठ, प्रशान्त ताम्राकार, नीर शाह, रमेश चन्द सोडारी, प्रकाश कुँवर, राजिभ जंग बस्नेत, दीपा शाही, अमित गिरी, एभेलिना खड्का लगायतको अभिनय छ । नेम महर्जन, दीपक शर्मा ढकाल, नरेन्द्र महर्जन र ध्रुव न्यौपानेको लगानीमा तयार भएको फिल्ममा चन्द्र पन्तको द्वन्द्व निर्देशन छ ।

# अपेक्षित हुन सकेन “सिकन्दर”को ओपनिङ

कुनै बेला बलिउडमा ‘हिट मेसिन’ मानिएका अभिनेता सलमान खानको विगत सात वर्ष अर्थात् सन् २०१८ देखि कुनै फिल्मले अपेक्षित व्यापार गर्न सकेका छैनन् । गत वर्षको तिहारमा प्रदर्शन भएको हिट फ्रेन्चाइज ‘टाइगर’को तेस्रो श्रृंखलालाई समेत लगानी उठाउन मुस्किल परेको थियो । त्यसअघि आएका ‘रेस ३’, ‘किसीका भाई किसी की जान’ जस्ता फिल्म पनि व्यापारमा औसत रहे ।

इदको छेको पारेर आइतबार अर्थात् चैत १७ गतेबाट प्रदर्शनमा आएको सलमानको नयाँ फिल्म ‘सिकन्दर’लाई पनि हिट हुन मुस्किल पर्ने देखिएको छ । प्रदर्शनपूर्व राम्रो ‘हाइप’ बनाएको फिल्मले ४० करोडमाथि ओपनिङ गर्न सक्ने प्रक्षेपण गरिएको थियो । तर, पहिलो शोबाटै खराब प्रतिक्रिया आउन थालेपछि दर्शकहरु भड्किएका छन् । जसले गर्दा ओपनिङ पनि प्रभावित बनेको छ ।

ट्रेड एनालिस्ट तरण आदर्शका अनुसार फिल्मले पहिलो दिन ३० करोड ६ लाखको व्यापार गरेको छ । यो नेट व्यापार हो । उनले फिल्मको ओपनिङ निराशाजनक नभए पनि अपेक्षाभन्दा तल रहेको बताएका छन् । उनका अनुसार ‘मास बेल्ट’मा फिल्मले तुलनात्मक रुपमा राम्रो व्यापार गरेको छ । सोमबार (आज) इदको विदामा भने व्यापारमा उछाल आउन सक्ने उनको अपेक्षा छ ।



फिल्मलाई दर्शकीय प्रतिक्रिया र समीक्षा खराब मिलेको छ । दर्शकहरुले सलमानको करिअरकै कमजोर फिल्म भनेका छन् भने समीक्षकहरुले म्यासेज राम्रो भए पनि पटकथादेखि कलाकारको अभिनयसम्म हदै कमजोर रहेको समीक्षामा उल्लेख गरेका छन् । भारतका प्रायः मिडियाले फिल्मलाई बढीमा २ रेटिङ दिएका छैनन् । यसैले केही दिनमै फिल्मले हलमा दम तोड्न सक्ने देखिन्छ ।

‘गजनी’ निर्देशक एआर मुरुदासले निर्देशन रहेको फिल्ममा सलमानको जोडी अभिनेत्री रश्मिका मन्दानासँग बाँधिएको छ । उनीहरु श्रीमान्-श्रीमतीको भूमिकामा छन् । फिल्मको मुख्य भिलेनमा ‘बाहुबली’का ‘कटप्पा’ अर्थात् सत्यराज छन् । प्रतीक बब्बर, काजल अग्रवाल, अन्जिनी धवन, शरमन जोशीको पनि अभिनय रहेको यो फिल्मलाई साजिद नाडियाडवालाले निर्माण गरेका हुन् ।

**डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं**

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

**त्यसैले डढेलोबाट जोगिन:**

- वन क्षेत्रमा आगो नबालौं .
- सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार विज्ञापन बोर्ड**

# पारामाउन्टले ल्याउने गरेको म्याक्सस ब्रान्डको गाडी अब हिमालय अर्गनाजेसनले ल्याउने




काठमाडौं- म्याक्सस ब्रान्डको इलेक्ट्रिक गाडी अब हिमालय अर्गनाइजेसनले नेपाल ल्याउने भएको छ । यस अघि पारामाउन्ट मोटर्सले उक्त ब्रान्डको गाडी नेपाली बजारमा ल्याइरहेको थियो ।

कम्पनीले म्याक्सस पिकअप, भ्यान र इलेक्ट्रिक मिफा ९ गाडी नेपाल ल्याएको थियो । तर, अब भने हिमालय अर्गनाइजेसनले बिक्री गर्ने भएको हो । अब पारामाउन्टले सो ब्रान्डको गाडी नल्याउने निश्चित जस्तै भएको छ ।

हिमालयले सुरुमा यो ब्रान्डको इलेक्ट्रिक पिकअप म्याक्सस ईटेरोन ९ इलेक्ट्रिक पिकअप नेपाल ल्याउन लागेको छ । कम्पनीले एक हप्ताभित्र उक्त गाडी भन्सार नाका आइपुग्ने जनाएको छ ।

हिमालय अर्गनाइजेसन नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपालका निवर्तमान अध्यक्ष ध्रुव थापाको कम्पनी हो ।

उनले फोर्स गाडीहरु ल्याएर बिक्री गर्दै आइरहेका छन् । डिपलको पोखरामा डिलरमा पनि उनै संचालन गरिरहेका छन् । अब भने इलेक्ट्रिक पिकअप ल्याउने निश्चित भएको हो ।

यो पिकअप गाडीमा १०२.२ किलोवाट आवर क्षमताको ब्याट्री प्याक उपलब्ध छ । यो ब्याट्री फुल चार्ज गर्दा ४३० किलोमिटर रेन्ज प्रदान गर्छ । २० प्रतिशतदेखि ८० प्रतिशतसम्म चार्ज गर्न ११५ किलोवाट क्षमताको डीसी फास्ट चार्जरले ४२ मिनेटको मात्रै समय लाग्छ । यस्तै ११ किलोवाट क्षमताको एसी चार्जरले गर्दा १२ घन्टाको समयमा ५ प्रतिशतदेखि १०० प्रतिशतसम्म चार्ज हुन्छ ।

यो गाडी फोर वाई फोर क्यापाबिलिटी भएको अल इलेक्ट्रिक अफरोडर पिकअप गाडी हो । यो फोर ह्वील ड्राइभ ड्राइभ भएकाले अफ रोडमा ड्राइभ गर्न सहज हुन्छ । यसमा अगाडि १२५ किलोवाट र पछाडि २०० किलोवाट क्षमताको पावर भएको मोटर प्रदान गरिएको छ ।

यो गाडी फोर वाई फोर क्यापाबिलिटी भएको अल इलेक्ट्रिक अफरोडर पिकअप गाडी हो । यो फोर ह्वील ड्राइभ ड्राइभ भएकाले अफ रोडमा ड्राइभ गर्न सहज हुन्छ । यसमा अगाडि १२५ किलोवाट र पछाडि २०० किलोवाट क्षमताको पावर भएको मोटर प्रदान गरिएको छ । यसले अगाडि २५० र पछाडि ४५० एनएम टर्क उत्पादन गर्छ ।

यसमा अर्को भनेको एयर इन्डिपेन्डेन्ट सस्पेन्सन प्रदान गरिएको छ । यसको टायर ह्वील २० इन्चको छ । साथै फुल साइज स्पेयर टायर पनि उपलब्ध छ ।

मूल्य ८० लाखदेखि ८५ लाखसम्म हुने अनुमान गरिएको छ ।

# रोयल इनफिल्डले उत्पादन गर्‍यो नयाँ बाइक



काठमाडौं- रोयल इनफिल्डले आफ्नो नयाँ क्लासिक ६५० ट्वीन मोडल भारतीय बजारमा सार्वजनिक गरेको छ । कम्पनीले बाइकको मूल्य भारु ३ लाख ३७ हजारदेखि ३ लाख ५० हजार तोकेको छ ।

यसमा ६४८ सीसी क्षमताको इन्जिन छ । जसले ४७ हर्सपावर र ५२.३ एनएम टर्क उत्पादन गर्छ । बाइकको वजन २४३ किलोग्राम छ । यो रोयल इनफिल्डको अहिलेसम्मको सबैभन्दा ठूलो बाइक हो ।

यो बाइक सटगन मोडल जस्तै देखिए पनि बिल्कुलै फरक बनाइएको छ । यसलाई ट्रेडिसनल रेट्रो डिजाइनमा तयार पारिएको छ । यसमा १९/१८ इन्चको ट्युब वायर स्पोक ह्वील्स राखिएको छ ।

यस्तै १४.७ लिटर क्षमताको फ्युल ट्यांक छ । यस्तै डिजि एनालग डिस्प्ले, ट्रिपर नेभिगेसन पोड र युएसबी चार्जर पनि राखिएको छ ।

यसको बुकिङ सुरु भइसकेको र अप्रिलबाट डेलिभरी सुरु हुने कम्पनीले जनाएको छ ।

# लोकसेवाबाट आएकाबाहेक सबै नियुक्ति फेर्न प्रधानमन्त्रीको प्रस्ताव



*सरकारका कामकारबाहीप्रति प्रश्न उठाउने वा समर्थन गर्ने स्थल संसद भएको तर, कर्मचारीको सरुवा र बढुवाको विषय पनि संसदमा ल्याउने विषय उचित नरहेको बताउने क्रममा प्रधानमन्त्रीले फरक अभ्यासको प्रस्ताव राखेका हुन् ।*

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार परिवर्तनसँगै लोकसेवा आयोगको भर्ना प्रक्रिया पूरा भएर गरिने बाहेकका सबै नियुक्ति स्वतः फेरिने व्यवस्था प्रस्ताव गरेका छन् । राष्ट्रिय सभाको सोमबारको बैठकलाई सम्बोधन गर्दै ओलीले यस्तो प्रस्ताव गरेका हुन् ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको बर्खास्तीबारे विपक्षी दलहरूले सरकारसँग जवाफ मागेका थिए । जवाफ दिने क्रममा प्रधानमन्त्री ओलीले सरकारले एउटा कर्मचारीबारे गरेको निर्णयलाई लिएर संसदकै कामकारबाही प्रभावित गरिनु उचित नरहेको बताए ।

बरु सरकार फेरिएसँगै लोकसेवा पास गरेर भर्ना हुनेबाहेक सबै नियुक्ति स्वतः फेरिने कानुनी व्यवस्था गर्नु उचित हुने प्रस्ताव गरे ।

सल्लाहकारदेखि, महान्यायाधिवक्ता र राष्ट्रिय योजना आयोगसम्म अहिले पनि प्रधानमन्त्री फेरिँदा स्वतः फेरिने व्यवस्था रहेको उनले स्मरण गरे । 'बाँकीको हकमा पनि यस्तै व्यवस्था अवलम्बन गरौं,' प्रधानमन्त्री ओलीले भने ।

प्रचलित व्यवस्थाअनुसार संघीय लोकसेवा र प्रदेश लोकसेवा आयोगबाट कर्मचारी भर्ना प्रक्रिया पूरा गरेर कर्मचारी सेवामा प्रवेश गर्छन् । सरकार, विभिन्न कार्यालय, संस्थान, निकाय आदिले करारमा समेत कर्मचारी लिन्छन् ।

संवैधानिक परिषद्‌बाट संवैधानिक नियुक्ति प्रक्रिया अगाडि बढ्ने प्रक्रिया पनि छ । जसमा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी हुन्छन् ।

संवैधानिक आयोगअन्तर्गत १३ वटा आयोग छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग छन् ।

राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगका प्रमुख एवं पदाधिकारीहरू पनि संवैधानिक परिषद्‌बाट नियुक्ति प्रक्रिया अगाडि बढ्छ ।

यदि प्रधानमन्त्रीले भने जस्तो लोकसेवाको प्रक्रिया बाहेकका सबै नियुक्ति सरकारसँगै फेर्ने हो भने यी सबै निकायका प्रमुख एवं पदाधिकारीसमेत फेरिनेछन् ।

सरकारले विभिन्न देशका राजदूतको नियुक्ति प्रक्रिया अगाडि बढाउँछ । राजदूतको हकका सरकार फेरिँदा फेर्ने अभ्यास छ । तर सरकार फेरिएपिच्छे राजदूत फेर्दा त्यसको कूटनीतिक क्षेत्रमा असर पर्ने गरेको भनेर संसदमा बहस हुने गरेको छ ।

विश्वविद्यालयका पदाधिकारीहरू पनि राजनीतिक प्रक्रिया अन्तर्गत नियुक्त हुन्छन् । मन्त्रालयपिच्छे लोकसेवा आयोगको प्रक्रिया पूरा नगरी नियुक्त हुने निकायहरू पनि छन् ।

परराष्ट्र मन्त्रालयअन्तर्गत राजनीतिक नियुक्ति हुने निकाय परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान छ, जहाँ निर्देशक र उपनिर्देशक हुन्छन् । राजदूत पनि परराष्ट्र मन्त्रालयअन्तर्गत नै पर्छ ।

ऊर्जा मन्त्रालयअन्तर्गत राजनीतिक नियुक्ति हुने निकायमा नेपाल विद्युत् प्राधिकरण पर्छ । यही निकायका कार्यकारी निर्देशक कुलमान घिसिङको बर्खास्तीबार उठेको प्रश्नमा प्रधानमन्त्री ओलीले सरकार फेरिएपछि लोकसेवाको प्रक्रिया बाहेकका सबै नियुक्ति स्वतः फेरिने प्रस्ताव राखेका हुन् ।

अर्थ र उद्योग मन्त्रालय सार्वजनिक संस्थानहरू छन् । दुग्ध विकास बोर्ड, चिया तथा कफी विकास बोर्डमा सरकारले नियुक्ति गर्छ ।

वित्तीय संस्थाहरूअन्तर्गत बीमा समितिमा सरकारले नियुक्त गर्छ । कृषि विकास बैंक, बीमा संस्थानमा पनि प्रमुख एवं पदाधिकारी सरकारले नै नियुक्त गर्छ ।

उद्योगअन्तर्गतका हेटौंडा सिमेन्ट, उदयपुर सिमेन्ट, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा अध्यक्ष एवं महाप्रबन्धक सरकारले नियुक्त गर्छ ।

वन मन्त्रालय राष्ट्रिय प्रकृति संरक्षण कोष, जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र छन् । जसमा सरकारी नियुक्ति पाएका व्यक्ति प्रमुख रहन्छन् ।

सञ्चार मन्त्रालयअन्तर्गत राष्ट्रिय समाचार समिति, सार्वजनिक सेवा प्रसारण संस्था, चलचित्र विकास बोर्ड, गोरखापत्र संस्थान, दूरसञ्चार प्राधिकरण छन्, जसको नेतृत्व र बोर्ड सदस्य तथा पदाधिकारी लोकसेवा आयोगको प्रक्रियाबाट नियुक्त हुन्छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत नेपाल प्रज्ञा प्रतिष्ठान, ललितकला प्रतिष्ठान, संगीत नाट्य प्रतिष्ठान, नेपाल पर्यटन बोर्ड र पशुपति क्षेत्र विकास कोष छन्, जसको पदाधिकारी तथा बोर्ड सदस्य सरकारले नियुक्त गर्छ ।

यीसहित नेपाल वायुसेवा निगमको अध्यक्ष, महाप्रबन्धक, बोर्ड सदस्य सरकारले नै नियुक्त गर्ने हो ।

स्वास्थ्य मन्त्रालयअन्तर्गत नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, मेडिकल काउन्सिल छ, नर्सिङ काउन्सिल छन् । यिनमा पनि प्रमुख र सदस्यहरू सरकारले नै नियुक्त गर्छ ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय समाज कल्याण परिषद छ । केन्द्रीय बालकल्याण समिति छ । यसमा पनि प्रमुख र सदस्यहरू सरकारले नै नियुक्त गर्छ ।

भूमिसुधार मन्त्रालयअन्तर्गत गुठी संस्थान छ । सुकुम्वासी समस्या समाधान आयोग खाली छ । यसमा पनि अध्यक्ष र सदस्यहरू सरकारले नै नियुक्त गर्छ ।

युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत राष्ट्रिय खेलकुद परिषद् छ । यसको सदस्य-सचिव सरकारले नै पठाउने हो ।

यी लगायतका कैयन् निकाय र संरचनाहरू छन्, जसमा सरकारले आफैं नियुक्त गर्छ । वा, संवैधानिक आयोग, न्याय परिषद् आदिबाट नियुक्ति प्रक्रिया अगाडि बढेर नियुक्त हुन्छन् । यी सबै सरकार फेरिएपछि स्वतः फेरिने व्यवस्था राख्दा उचित हुने प्रधानमन्त्री ओलीले बताएका हुन् ।

सरकारका कामकारबाहीप्रति प्रश्न उठाउने वा समर्थन गर्ने स्थल संसद भएको तर, कर्मचारीको सरुवा र बढुवाको विषय पनि संसदमा ल्याउने विषय उचित नरहेको बताउने क्रममा प्रधानमन्त्रीले फरक अभ्यासको प्रस्ताव राखेका हुन् ।

राष्ट्रसेवक कर्मचारीहरुको गुणरदोष टिप्पणी गर्ने स्थल संसद नभएको प्रधानमन्त्रीको भनाइ छ । उनी भन्छन्, 'त्यसको प्रक्रिया हुन्छ । राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र दोषीलाई कारवाही गर्ने विधि पनि यसै सदनले निर्धारण गरेको छ ।'

उनका अनुसार सामान्यतः कुनै पनि कर्मचारीबाट विभागीय मन्त्रीले आफूप्रति लोयल्टी महसुस गरेन भने चेन अफ कमाण्डले काम गर्दैन । यस्तो अवस्थामा सरुवा गर्ने, जगेडामा राख्ने, स्पष्टीकरण माग्ने, नसिहत-चेतावनी दिने वा पदमुक्त गर्नेसम्मका काम हुन्छन् ।

यस्तो विगतदेखि निरन्तर हुँदै आएको प्रधानमन्त्रीको जवाफ छ । उनी अगाडि भन्छन्, 'यो अहिलेको सरकारले मात्रै हैन, जहिलेको सरकारले पनि गर्छ । चित्त नबुभ्नेले कानुनी उपचारको हक राख्छ, त्यो पनि हुने गरेको छ ।'

यदि प्रचलित अभ्यास फेर्ने हो भने संसदले विधि बनाउन सक्ने प्रधानमन्त्री ओलीको भनाइ छ ।

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार